हिमाली शान्ति

वर्ष २०, अंक ८, सेप्टेम्बर २०१४

विश्वासबाट एकताको घेरा फराकिलो हुन्छ ।



बारम्बार उद्धृत श्रोतहरु

निचिरेन दाइशोनिनका लेखहरूको पहिलो अध्यायलाई WND-1 र क्रमश दोश्रो अध्यायलाई WND-2 पछाडी पृष्ठ नम्बर लेखिएको छ ।

निचिरेन दाइशोनिनको गोशो संग्रहलाई GZ पछाडी पृष्ठ नम्बर लेखिएको छ ।

मौखिक रूपमा प्रचार गरिएको उपदेशहरूको रेकर्डलाई OTT पछाडी पृष्ठ नम्बर लेखिएको छ ।

Burton Watson (वर्टन वात्सन) द्वारा अनुवाद गरिएको सद्धर्मपुण्डरीक सुत्रलाई LS पछाडी पृष्ठ नम्बर लेखिएको छ ।

विषय सूचीः

सन्देश २
(एस.जि.आई. का अध्यक्ष इकेदा सेन्सेइको सन्देश)

सम्पादकको कलम ४
(प्रार्थनाको शक्ति, प्रार्थनाः कुनै विन्ती होइन प्रण हो)

विजय तर्फ ५
(आधारभूत धर्मका साथ जीउनाले सच्चा सुख सिर्जना गर्दछ)

नेपाल एस.जि.आई. गतिविधि १५
(पुरूष वर्गको १५ औं साधारण सभा)

गोशो १६
(यासाबुरोलाई जवाफ)

बालपृष्ठ २८
(कमजोरीहरू माथि प्रार्थना गर्दै सफलता हासिल गर्दै जानेछु)

तपाई युवा छँदै, तपाईले काम र गाक्काई क्रियाकलापहरू दुबैमा राम्रो गर्न सकें भनेर इमान्दारीतापूर्वक भन्न सक्ने गरि प्रयास गर्नुस् । किनकी, तपाईले युवा छँदै गरेको प्रयासहरू तपाईको जीवनभरको लागि आधारशीला बन्नेछ ।

प्रधान सम्पादक : श्रीमती सहना श्रेष्ठ
सह सम्पादक : श्री कृष्ण दवाडी, सुश्री युस्किा शाक्य, श्री विजेन श्रेष्ठ
कम्प्युटर कला सल्लाहकार : श्री नविन मानन्धर
रिपोर्टर : सुश्री दिक्षा सिंह
प्रुफ रिर्डर : श्री लक्ष्मण डंगोल

सर्वाधिकार : नेपाल सोका गाक्काई इन्टरनेशनलमा सुरक्षित,

फोन नं : ४०३८५८१, ४०३८५८३, पोब : ७८८, कलंकी, काठमाण्डौ, नेपाल ।
मूल्य : रु ३० ।

पुरुष वर्गको १५ औं साधारण सभाको लागि अध्यक्ष इकेदाको सन्देश

पुरूष वर्ग दिवस, अगष्ट २४ को स्मरणमा आज हुन गइरहेको तपाईहरूको भेलाको लागि मेरो हार्दिक बधाई । पुरूष वर्ग भनेको कोसेनरूफुको मूख्य सहारा र स्वर्ण खम्बा हो । म जापानबाट हृदय भरीको प्रशंसा पठाउँदै तपाईहरूको आजको सभामा म एकजना पुरूष वर्गको सदस्यको रूपमा हृदय देखिको शुभकामनाहरू बोकी सहभागि हुँदैछु ।

२१ औं शताब्दीमा प्रवेश गरेको पनि १३ वर्ष पूरा भैसकेको छ । आज हाम्रो संसार निरन्तर रूपमा द्रुत गतिमा बृहत परिवर्तनहरू भैरहेका छन् । ब्रम्हाण्डमा कुनै एउटा घटना पनि स्थीर र अपरिवर्तन भई बसेको छैन । यो हाम्रो जीवन र समाजको वास्तविक प्रकृतिको एक प्रतिविम्व हो भन्ने म विश्वास गर्दछु ।

निचिरेन दाइशोनिनले गोशोमा लेख्नु हुन्छ : "एक दिनमा एकजना व्यक्तिको मश्तिष्कमा ८० लाख ४००० विचारहरू हुन्छन् ।" *(WND -२, पा. ३०७)* मानव मश्तिष्क पनि हर पल, हर क्षण परिवर्तन भइरहेको हुन्छ । एक क्षण अघि रीसले चुर मान्छे अर्को क्षणमा हाँस्न सक्छ । जीवनमा कुनै समस्या नरहेको भनेर आज दाबी गर्नेहरू भोलिको दिनमा गहिरो पीडामा धकेलिन सक्छ । यस प्रकार, जीवन भनेको एउटा रङ्गमञ्च हो जुन अविरल परिवर्तन भइरहन्छ ।

२१ औं शताब्दीमा प्रवेश गरेको पनि १३ वर्ष पूरा भैसकेको छ । आज हाम्रो संसार निरन्तर रूपमा द्रुत गतिमा बृहत परिवर्तनहरू भैरहेका छन् । ब्रम्हाण्डमा कुनै एउटा घटना पनि स्थीर र अपरिवर्तन भई बसेको छैन । यो हाम्रो जीवन र समाजको वास्तविक प्रकृतिको एक प्रतिविम्व हो भन्ने म विश्वास गर्दछु ।

दाइमोकु प्रार्थनाको साधनाले हामीलाई हाम्रो परिवर्तनशील दिमागलाई यस महा ब्रम्हाण्डको आधारभूत नियम, अद्भूत धर्मसँग मिलाउन र विश्वास गर्न सक्षम बनाउँछ । गोहोन्जोन एउटा अस्तित्व हो जसले ब्रम्हाण्डका सम्पूर्ण घटनाहरूलाई समाहित गर्दछ । त्यही गोहोन्जोननै हाम्रो जीवनमा विद्यमान रहेको छ । यसकारण, अद्भुत धर्मको दाइमोकु प्रार्थनाबाट हामीले हाम्रो भित्री "स्वयं" लाई बुद्धत्वसँग ठोस बनाउन प्रयत्न गर्दछौं, तत्पश्चात सुखमय जीवनावस्थालाई विजयका साथ उजागर गर्दछौं जुन तीनै जीवनकालभरि अविनाशी भई अनन्तसम्म रहिरहन्छ । "वास्तविक विजयको लागि आस्था" को साधना गर्नु भनेको यही नै हो ।

तपाईको आफ्नो स्वास्थ्य, परिवार, व्यवसायमा आइपर्ने व्यक्तिगत समस्याहरूसँग जुझ्दै दिनरात तपाई आफ्नो सदस्य साथीहरूको सुख, समाजको उच्च प्रगतिको लागि पनि उत्तिकै प्रार्थना गरिरहनु भएको छ भन्ने कुरामा मलाई राम्ररी अवगत छ । यस प्रकारका प्रयत्नहरू अगाध करूणाले ओतप्रोत भएका हुन्छन् र निचिरेन दाइशोनिनको भावनासँग सिधा जोडिएको हुन्छ । तपाईहरू सबैको सर्वोच्च मर्यादाको उद्देश्य रहेको छ र तपाईले प्राप्त गर्नु हुने लाभ असिमित र अमापनीय हुनेछ ।

म आशा गर्दछु की अद्भूत धर्मलाई अंगाल्नु हुने तपाईहरू सबैजनाले आस्थाको सहपाठीहरूसँग हरेक दिन हरेकमा विजयी हुँदै गर्वका साथ शिर ठाडो गरि तपाईहरूको बहुमूल्य जीवन विताउनु हुनेछ । सुखी भएर रमाउन हामी आस्थाको साधना गर्दछौं । सर्वमान्य जीवन बिताउन सक्नको लागि हामी गाक्काईका क्रियाकलापमा आफूलाई सम्मिलित गराउँछौं । तपाईं स्वयं र प्रिय परिवारको लागि, म तपाईहरूलाई सर्वप्रथम "जुनसुकै अवस्था भएतापनि अन्तमा तपाईहरू विजयी भएर निक्लिन्छु" भन्ने निर्णय गर्न आग्रह गर्दछु । यस दृढतालाई हृदय देखि अनुमोदन गर्दै, कृपया सबै कठीन परीक्षामा दाइमोकु प्रार्थना गर्नुस् र शान्तभावका साथ निरन्तर अगाडि लम्कनुस् ।

समुदाय र तपाईको कार्यस्थलमा एकजना उत्कृष्ट नागरिकको रूपमा आफ्नो कर्तब्य निर्वाह गर्न अनवरत रूपमा प्रयास गरिरहनुस् र आशाको सौर्य प्रकाशले तपाईको वरपरको मानिसको हृदयलाई प्रदीप्त गर्दै विश्वासको अटुट बन्धन स्थापित गर्नुस् ।

म एकाग्रचित्त भई दाइमोकु प्रार्थना गरिरहनेछु, नेपालमा रहनु भएका पुरूष वर्गका सदस्यहरूलाई म हृदय देखि कदर गर्दछु । म तपाईहरूको सुस्वास्थ्यको लागि हृदय देखि प्रार्थना गरिरहेको छुं, ताकि तपाईहरूले उच्च भावनाका साथ सुख र विजयको महान पथमा अगाडि बढ्न सकोस् । यसका साथै म तपाईको परिवारको महान समृद्धि र कीर्तिको लागि पनि प्रार्थना गरिरहेको छुं ।

कृपया सदैव स्वस्थ र रहनुस् ।

समुदाय र तपाईंको कार्यस्थलमा एकजना उत्कृष्ट नागरिकको रुपमा आफ्नो कर्तव्य निर्वाह गर्न अनवरत रुपमा प्रयास गरिरहनुस् र आशाको सौर्य प्रकाशले तपाईंको वरपरको मानिसको हृदयलाई प्रदीप्त गर्दै विश्वासको अटुट बन्धन स्थापित गर्नुस् ।

आवाजले बुद्धको कार्य गर्दछ

गुरू इकेदा भन्नुहुन्छ, "जब हामी प्रार्थना गर्छौं र दृढ विश्वास लिन्छौं कि अहिलेको ठाउँ र समय कोसेनरूफु गर्ने युद्ध स्थल हो र आफ्नो कर्मलाई परिवर्तन गर्ने निर्णायक घडि हो, त्यतिबेला विजयको पथ त्यसै खुलेर आउँछ ।

हामीले यस बुद्धधर्मलाई अंगालेकोमा कहिलेकाँहीं कतै ढिला त गरेनौं भन्ने पनि लाग्न सक्छ । सायद, हामीले धेरै पहिला नै अंगालेको भए हामी अहिले भन्दा धेरै भाग्यमानी हुने थियौं होला भनेर सोच्छौं । तर त्यो कदापी होइन । जबसम्म सही समय आउँदैन, साहस र इच्छा आउँदैन र आवश्यकताको भावना आउँदैन तबसम्म यस बुधर्ममा प्रवेश गर्नु वेकार हुन्छ । त्यसैले हामी त्यतिबेला प्रवेश गरेनौं । जब बुद्धधर्मको राम्रा पक्षहरू बुझ्दै जान्छौं र ब्यवहारमा उतार्दै जान्छौं, त्यसपछिको अनुभवले हामीलाई यस बौद्ध मार्गमा प्रवेश गर्ने इच्छा, साहस, दृढता तथा आवश्यकता सबै पूर्ण भएर आउँछ र यहाँ प्रवेश गर्छौं । त्यो समय नै अति उत्तम र सही समय हो भन्न सक्छौं ।

हामीले यस आस्था अंगाल्दैमा कुनै पनि समस्या आउँदैन अथवा कुनै पनि दुर्घटना हुदैन भन्नु गलत हो । हरेक ब्यक्तिलाई कुनै न कुनै किसिमको समस्या तथा चुनौतीहरू आइरहन्छ । ती समस्याहरू माथि लड्दै संघर्ष गर्दै जीवनको अनन्त बाटोमा हिडिरहेका हुन्छन् । कोही विजयी भएर त कोही पराजित भएर ।

बुद्धधर्म भनेको जित अथवा हार हो । हाम्रो समस्याहरूलाई हामीले हेर्ने दृष्टिकोण फरक फरक भएतापनि त्यसको निष्कर्ष भनेको विजयी हुनु नै हो ।

शुरू-शुरूमा सोका गाक्काईलाई गरिब र विरामीहरूको समूह भन्दथ्यो । यो एक किसिकमले खिसि उडाएको भएतापनि यसैलाई सोका गाक्काईले सम्मानको तकमाको रूपमा लिएको छ किनभने दाइशोनिनको बुद्धधर्मले यस्ता दुःखहरू वीच जान सिकायो र तिनीहरूलाई आशा र साहसका साथ बहुमुल्य जीवन जिउन सिकायो ।

हामी यस बुद्धधर्मलाई फैलाउन आएका पृथ्वीका बोधिसत्वहरू हौं । यसरी हामीले सक्रियतापूर्वक एक अर्कोमा पुगेर वार्तालापहरू गर्दै, हरेक संग मन मिलाउँदै तिनीहरूको क्षमता र सही मूल्य सिर्जना गर्न जागरूक गराउनु पर्छ ।

यस महिनामा अध्ययन गर्न गोशो "यासाबुरोलाई जवाफ" मा यही कुरालाई प्रष्ट पारेको छ । हामी साहसीक र निर्धक्क भएर बोल्दै राम्रो समाजको सिर्जना गर्न तत्पर हुनु पर्दछ ।

आवाजले बुद्धको कार्य गर्दछ । हामीले बोलेका प्रत्येक शब्द तथा आवाजले धेरै महत्वपूर्ण भूमिका खेल्दछ । हाम्रो आवाजले दुःखी र समस्या परेका ब्यक्तिमा आशाको किरण छर्दछ । हामी सबैको खुशीको चाहना गर्दछौं, सबैलाई सही मार्गमा हिड्न प्रेरणा गर्दछौं, यस कार्यले हामीमा वास्तविक खुशी प्राप्त भइरहेको हुन्छ । त्यसैले हामीले सदैव यस बुद्धधर्मको साधना गरौं, आफू पनि खुशी हौं र अरूलाई पनि खुशी बनाऔं ।

हिमाली शान्ति
सम्पादक

विजय तर्फ

दि न्यू ह्युमेन रिभोलुसनबाट उद्धृत गरिएका मार्गदर्शनहरू

परिचयः

दि न्यू ह्युमेन रिभोलुसन, अध्याय ४ मा सन् १९६१ फेब्रुवरी १४ मा एस.जि.आई. का अध्यक्ष इकेदा एशियाली राष्ट्रहरूको भ्रमणबाट जापान फर्किनु भएको थियो । फर्किनु भएको दुई दिन पछि च्याप्टर उद्घाटन सभामा सहभागी हुन र सदस्यहरूलाई हौसला प्रदान गर्न देशभरि भ्रमण गर्नु भयो । यहाँ हामीले उहाँको केही मार्गदर्शनहरूलाई उद्धृत गरेका छौं ।

आधारभूत धर्मका साथ जीउनाले सच्चा सुख सिर्जना गर्दछ

क्युशुमा सम्पन्न युवा महिला वर्गको साधारण सभामा शिनइचिले आस्थामा आधारित भएर आफ्नो न्यक्तिगत मानव क्रान्ति गर्दै र आधारभूत नियम अनुरूप जिएर आफ्नो जीवनमा ठोस सुख निर्माण गर्न हौसला दिनुभयो ।

हामीले ट्राफ्रिक नियमको उदाहरण लिऔं । ती नियमहरू गाडि सुचारू रूपले गुड्न र जीवन संरक्षण गर्न बनेका हुन्छन् । उदाहरणको लागि, हामी रातो बत्तीमा रोकिनु पर्छ र हरियो बत्तीमा जानु पर्छ भन्ने नियमहरू हामीलाई थाहा छ र त्यसलाई अनुसरण गरेर हामी सुरक्षितका साथ जहाँसुकै जान सक्छौं ।

तर यदि बटुवालाई ती नियमहरूबारे थाहा छैन वा थाहा भएर पनि त्यसलाई वेवास्ता गर्दै रातो बत्तीमा बाटो काट्छन् भने के हुन्छ ? एक दिन त्यो वटुवालाई गाडिले हान्नेछ वा अरू कुनै किसिमको दुघर्टनामा पर्नेछ ।

मानव गतिविधिहरूलाई अनुशासित बनाउन मानिसहरूले अरू धेरै नियमहरू बनाएका छन् । चोर्ने र

जालसाजी गर्ने व्यक्तिहरूलाई जेलमा राखिटन्छ र न्यायको लागि ल्याइन्छ । नियम तोडेर उनीहरूले आफ्नो शिकारलाई मात्र दुःख दिने नभई अन्ततः आफूले पनि दुःख पाउँछन् ।

प्रकृतिको पनि त्यहाँ धेरै प्राकृतिक नियम तथा सिद्धान्तहरू छन् । त्यस मध्ये एउटा चक्र ४ ऋतुहरू हुन् । मानिसले यस सिद्धान्तको ज्ञान धान र अरू बालीहरू रोपेर अनुकुल समयमा बाली भित्राउन प्रयोग गर्छन् । तर उदाहरणको लागि, यदि ऋतुहरूको नियम थाहा नपाएर शरदमा बाली रोप्यो भने उसले आशा गरेको जस्तो बाली भित्राउन सक्दैन ।

त्यस्तैगरि, जीवनको आधारभूत नियम हुन्छ जुन संसारमा व्याप्त छ । त्यो बौद्ध नियम हो र यसको सारभूत शक्ति भनेको नाम् म्योहो रेङ्गे क्यो हो ।

मानिसलाई भूमिको नियम थाहा छ । उनीहरूले प्राकृतिक संसारको नियमलाई पनि अध्ययन गर्दछ, उनीहरूको ज्ञानले विज्ञानको अग्रसरतालाई उर्जा प्रदान गर्दछ । तर धेरैजसो संसारको आधारभूत नियम जीवनको कारण र असरको नियम प्रति अन्जान हुन्छन् जुन उनीहरू सुखी बन्न बुझ्नु आवश्यक हुन्छ । सच्चा सुख सिर्जना गर्न हामीले यस आधारभूत नियमलाई बुझेर यस अनुरूप बाँच्नु पर्दछ ।

हाम्रो कोसेनरूफु अभियानको उद्देश्य भन्नु नै अरूलाई यस नियमबारे सिकाउनु हो ।

आस्थामा आधारित भएर आफ्नो मानव क्रान्ति द्वारा आफ्नो जीवनमा ठोस सुख निर्माण गर्न निरन्तर प्रयास गर्नुका साथ-साथै जापान तथा संसारका मानिसहरूलाई सुख तर्फ डोऱ्याउने अथक प्रयास गर्न उपस्थित सदस्यहरूलाई आग्रह गर्दै शिनइचिले टुङ्ग्याउनु भयो ।

मानिसलाई भूमिको नियम थाहा छ । उनीहरूले प्राकृतिक संसारको नियमलाई पनि अध्ययन गर्दछ, उनीहरूको ज्ञानले विज्ञानको अग्रसरतालाई उर्जा प्रदान गर्दछ । तर धेरैजसो संसारको आधारभूत नियम जीवनको कारण र असरको नियम प्रति अन्जान हुन्छन् जुन उनीहरू सुखी बन्न बुझ्नु आवश्यक हुन्छ । सच्चा सुख सिर्जना गर्न हामीले यस आधारभूत नियमलाई बुझेर यस अनुरूप बाँच्नु पर्दछ ।

काम २ गाक्काई क्रियाकलापमा समन्वय गर्दै

सन् १९६१ मई १ मा मिजुरीमा गोहोन्जोन स्थापना समारोह पछि शिनइचिले पर्दा पछाडि रहेर काम गरिरहने युवाहरूलाई हौसला दिनुभयो । उहाँ वगैंचामा गएर युवाहरूसंग अन्तर्रक्रिया गर्दै प्रश्न गर्न हौसला दिनुभयो । तिनीहरू मध्ये थकित देखिएको एक जना युवाले सोध्यो .....

अध्यक्ष यामामोटो, हाल मेरो न्यस्त तालिकाले गर्दा मैले चाहेता पनि गाक्काई क्रियाकलापहरूमा सहभागी हुन गाह्रो भैरहेको छ । मैले दुबै तिर समन्वय कसरी गर्न सक्छु होला ?

यो समस्या एक समयमा शिनइचिले भोग्नु परेको थियो । उहाँले तुरून्तै जवाफ दिनुभयोः मुख्यतयाः तपाईले सबै कुरामा उत्कृष्ट गर्छु भन्ने निर्णय गर्नुमा निर्भर गर्दछ र एक पाईला पनि पछि नहट्ने अठोट हुनु पर्दछ । कठिन परिस्थितीहरू आइपर्दा आशाहीन अवस्था देखेर कस्तो खालको निदृष्ट कार्य गर्ने भन्ने कुरालाई ध्यानमा नराखी सबै मानिसहरूले सहजै हिम्मत हार्छन् । तिनीहरूले ती अवस्थाहरूसंग नलडि आफ्नो हृदयले हार स्वीकारिसकेका हुन्छन् । वास्तवमा, त्यहि नै सम्पूर्ण पराजयको कारण हो ।

महत्वपूर्ण कुरा भनेको तपाईले काम र गाक्काई क्रियाकलापहरू दुबैमा उत्कृष्ट कार्य गर्न संकल्पित हुनुका साथै तपाईको अवस्थाबारे इमान्दारीतापूर्वक दाइमोकु प्रार्थना गर्ने समय निकाल्नु पर्छ । तपाईले आफ्नो विवेक र जीवन शक्तिलाई अगाडि ल्याएर आफ्नो दक्षतालाई निखार्नुस् ।

तपाईले दुविद्यालाई कसरी समाधान गर्नुहुन्छ भन्ने कुरा तपाईको काम, जागीरको अवस्था र तपाईको पद अनुसार भिन्दा भिन्दै हुन्छ । उदाहरणको लागि, न्यवशायको शिलशिलामा अक्सर, यात्रा गर्नुपर्ने लिडरहरूले आफ्नो सदस्यहरूलाई भेट्न असमर्थ हुन सक्छन् । तिनीहरूले यात्राको दौरानमा उनीहरूलाई बाटोबाट पत्रहरू लेखेर निरन्तर हौसला दिन सक्छ । अथवा, यदि तिनीहरूले ६ दिन अवेरसम्म अक्तिरिक्त (overtime) काम गर्नुपर्छ तर शनिवार विदा हुन्छ भने तिनीहरूले हप्ताभरि गर्ने अर्थपूर्ण क्रियाकलापहरू त्यो दिन गर्न सक्छन् । सयौं मानिसहरूले सयौं विभिन्न

सिर्जनात्मक उपायहरू ल्याउँछन् तर सबै अवस्थाको आधारभूत सिद्धान्त त्यस्तै हुन्छ ।

यदि तपाई संस्थाको केन्द्रिय प्रमुख हुनुहुन्छ भने विशेषगरि, तपाईले आफ्नो अनुपस्थितीले क्रियाकलापहरूलाई डोऱ्याउन सक्ने कोही सदस्यलाई प्रशिक्षित गर्नु महत्वपूर्ण हुन्छ । संस्थाको सन्दर्भमा, जस्तोसुकै भएतापनि सबैले स्वीकारेको र निर्णय गरेको लक्ष्यहरूलाई हासिल गर्न तपाई संकल्पित हुनु महत्वपूर्ण छ । तपाई आफूले चाहेको जस्तो सक्रिय हुन नसक्नाले संस्थालाई गतिरोध बनाउन दिनु हुँदैन ।

जेसुकै भनेतापनि, त्यस पदमा भएका लिडरहरूले उनीहरूको आफ्नो वर्गको कार्य तालिकाको ब्यस्तताको वावजुद अत्यन्त उल्लेखनीय प्रगती गरिरहेका हुन्छन् । उनीहरूको अथक समर्पनले अरूलाई हौसला दिन्छ जसको फलस्वरूप उनीहरू वरिपरि रहेका मानिसहरू पनि इमान्दार भई मेहेनतका साथ काम गर्न थाल्छन् ।

(इटरनल गंगेजका सम्पादकको नोटः शिनइचिले त्यहि शीर्षकमा विभिन्न पक्षहरूबाट छलफल गर्दै मार्गदर्शन दिइरहनु भयो ।)

फेरि, काम र गतिविधि वीच समन्वय गर्ने कोशिस गर्दा तपाईले समयको समस्यालाई ध्यान दिनुपर्छ । उदाहरणको लागि, विद्यार्थीहरूले परिक्षाको अगाडि मेहेनतका साथ पढ्नु पर्छ भन्ने कुरा स्वभाविक हो ।

त्यस्तै कठिन समय जागीरमा हुन सक्छ । त्यस्तो समयमा तपाईले आफ्नो बढी समय काममा समर्पित गर्नु स्वभाविक हो ।

त्यसकारण, काम कुरालाई कसरी सन्तुलन गर्ने भन्ने कुरा अवस्था अनुसार विचार गर्नुपर्ने हुन्छ । यसका साथै कामकुरालाई क्षणिक समयको लागि नहेरि अनन्त भविष्यसम्मको लागि दूर दृष्टिकोण राख्नु महत्वपूर्ण हुन्छ ।

तपाई युवा छँदै, तपाईंले काम र गाक्काई क्रियाकलापहरू दुबैमा राम्रो गर्न सकें भनेर इमान्दारीतापूर्वक भन्न सक्ने गरि प्रयास गर्नुस् । किनकी, तपाईंले युवा छँदै गरेको प्रयासहरू तपाईंको जीवनभरको लागि आधारशीला बन्नेछ । अध्यक्ष तोदाले अक्सर भन्नुहुन्थ्यो, "आस्थामा एकजना वरावरको काम गर्नुस्, काममा तीन जना वरावरको काम गर्नुस् ।"

हरेक दिनमा २४ घण्टा मात्र हुने भएकोले तपाईंले काम र गाक्काई क्रियाकलापहरूमा पूर्ण रूपले प्रयास गर्नु पर्छ भन्दा तपाईहरू मध्ये कतिले प्रतिवाद गर्ने सम्भावना हुन सक्छ ।

तर यदि यो कुरा प्रतिबाद हो भने, सबैकुरा नै प्रतिबाद हुन्छ । यदि तपाईंले यसको बारेमा सोच्नु भयो भने हामी यस्तो संसारमा बाँचिरहेका छौं जहाँ सबै किसिमका कामहरूले हामीलाई विभिन्न दिशाहरू तर्फ निरन्तर तानिरहेको हुन्छ ।

तपाईं युवा छँदै तपाईंले काम र गाक्काई क्रियाकलापहरू दुबैमा राम्रो गर्न सकें भनेर इमान्दारीतापूर्वक भन्न सक्ने गरि प्रयास गर्नुस् । किनकी, तपाईंले युवा छँदै गरेको प्रयासहरू तपाईंको जीवनभरको लागि आधारशीला बन्नेछ । अध्यक्ष तोदाले अक्सर भन्नुहुन्थ्यो, "आस्थामा एकजना वरावरको काम गर्नुस्, काममा तीन जना वरावरको काम गर्नुस् ।"

यदि तपाईको काम कुनै सामान उत्पादन गर्ने हो भने तपाईलाई गुणस्तरीय सामान उत्पादन गर्नुस् भनिने छ । त्यस्तो गर्नलाई पनि धेरै समय लाग्नेछ, तपाईलाई अझै चाँदै काम सकाउन दबाव दिइनेछ ।

गोशोमा पनि दाइशोनिनले भन्नु भएको कथनहरू हेर्नेबेला प्रतिबादित देखिन्छ । उदाहरणको लागि, एउटा पत्रमा उहाँले भन्नुभएको छ कि, एकपटक मात्र दाइमोकु गरेर हामीले बुद्धत्व हासिल गर्न सक्छौं । तर अरूमा उहाँले सचेत गराउनु भएको छ कि, यदि हामीले निन्दा गर्छौं भने जतिसुकै प्रार्थना गरेतापनि हामीले कुनै लाभ पाउने छैनौं ।

फेरि, अर्को पत्रमा उहाँले भन्नुभएको छ कि, १२० वर्षसम्म बाँचेर पश्चातापले मर्नु भन्दा सम्मानका साथ एक दिन जिउने उत्तम हो । अझ, अर्कोमा उहाँ भन्नुहुन्छ जवानमा मर्नु भनेको ठूलो क्षति हो ।

सबै कुराको दुई पक्षहरू हुन्छन् । मानिसले सबै कुरालाई नहेरी एक पक्षलाई मात्र हेर्ने स्वभाविक हो । जीवनमा द्वन्द्वका वीच सन्तुलन गर्नुपर्ने हुन्छ जसले गर्दा सधैं आफूलाई प्रगति गर्दै अगाडि बढ्न प्रयत्नरत हुन्छ । तपाईले यस्तो सोच्न सक्छ कि, उदाहरणको लागि, काममा मात्र केन्द्रित हुन सकेमा जीवन कम जटिल हुन सक्छ तर अरू संकल्पहरू वा त्यस कार्यमा गर्नुपर्ने कार्यलाई पन्छाउनु गल्ती हो ।

म पूर्णतया सचेत छु कि, एकै समयमा जागिर खाएर, अध्ययन गरेर गाक्काई क्रियाकलाप गर्नु कति चुनौतीपूर्ण छ । तर सच्चा बौद्ध साधना र प्रशिक्षण कडा मेहेनत र हरेक क्षेत्रमा पाएको सफलताले निर्भर गर्दछ । अन्ततः सम्पूर्ण संघर्षहरू जीवनको अमूल्य खजाना बन्नेछ ।

यदि तपाईको जीवन पीडादायी वा दुःखद छ भन्ने महशुस गर्नुहुन्छ भने आफ्नो परिस्थितीको बारेमा प्रार्थना गर्न केही समय निकाल्नुस् । यदि तपाईले प्रार्थना गर्नुभयो भने तपाईले परिस्थितीलाई चुनौती दिने शक्ति प्रकट हुनेछ र त्यसलाई समाधान गर्ने मार्ग अवश्य पाउनु हुनेछ । अन्ततः तपाईले सम्पूर्ण क्रियाकलापहरू गर्न सक्ने र सन्तुष्ट भएसम्म, सम्पूर्ण अवरोधहरूबाट मुक्त भई कोसेनरूफुको लागि समर्पित हुन सक्ने जीवनावस्था तपाईले प्राप्त गर्नुहुनेछ ।

तपाईले सोच्नु होला कि, कडा मेहेनतको कुनै लाभ हुँदैन । तर कडा मेहेनत अन्ततः सम्भव रहिरहन्छ । तपाईको सम्पूर्ण प्रयासहरू जीवनको बहुमूल्य सम्पत्ति बन्नेछन् । तसर्थ, साँच्चिकै कडा मेहेनत गरौं ! त्यसो गर्दा रमाऔं ।

यदि तपाईंको जीवन पीडादायी वा दुःखद छ भन्ने महशुस गर्नुहुन्छ भने आफ्नो परिस्थितीको बारेमा प्रार्थना गर्न केही समय निकाल्नुस् । यदि तपाईंले प्रार्थना गर्नुभयो भने तपाईंले परिस्थितीलाई चुनौती दिने शक्ति प्रकट हुनेछ र त्यसलाई समाधान गर्ने मार्ग अवश्य पाउनु हुनेछ । अन्ततः तपाईंले सम्पूर्ण क्रियाकलापहरु गर्न सक्ने र सन्तुष्ट भएसम्म, सम्पूर्ण अवरोधहरुबाट मुक्त भई कोसेनरुफुको लागि समर्पित हुन सक्ने जीवनावस्था तपाईंले प्राप्त गर्नुहुनेछ ।

सीमित स्रोतको उचित प्रयोग

सन् १९६१ मई २१ का दिन संस्थाको दयबचम या मष्चभअतयचक सभामा कोसेनरूफुको गाक्काईको महान र चर्चित अभियानहरूलाई दस्तावेज गर्ने उद्देश्यले ष्ल(जयगकभ भिडियो उत्पादनको कुरा राख्नु भएको थियो । भिडियो बनाउने कर्मचारिले समाचार संकलन विभागको स्थापना हुने औपचारिक रूपमा कार्यालयबाट घोषणा हुनु अगावै काम गर्न थालिसकेका थिए । शिनइचिको सल्लाह बमोजिम, उनीहरूले मई महिनामा भएका सम्पूर्ण कार्यक्रमहरूको भिडियो खिचिसकेका थिए र प्रशस्त भिडियोहरू सम्पादन गरेर २० वा ३० मिनेटको news reel मा संकलन गर्नुपर्ने थियो । शुरूमा कर्मचारिहरूले सीमित स्रोतहरूका साथ काम गर्नु पऱ्यो । शिनइचिले उनीहरूलाई हौसला दिन राती भेट्न जानुभयो र उनीहरूले भोगिरहेको ठूलो चुनौतीको बारेमा सोध्नु भयो ।

साँच्चिकै भन्ने हो भने, हाम्रो भिडियो टेप सकिसकेको छ, "लिजाकाले जवाफ दिए । हामीले हाम्रो सम्पूर्ण वजेट खर्च गरिसक्यौं ।

समाचार विभागको स्थापना गर्दैमा पर्याप्त बजेट हुंदैन र त्यहाँका सदस्यहरूले बचत गर्न उनीहरूले सक्दो प्रयास गरिरहेका छन् । उदाहरणको लागि ३० मिनेटको लभधक चभभि बराबर झण्डै १००० फिट लामो हुन्छ । साधारणतयाः १००० फिटको उपयोगी भिडियो बनाउन १०,००० फिट भिडियो खिच्नु पर्ने हुन्छ । तर, किफायती गर्नको लागि उनीहरूले सम्भव भएसम्म भिडियोलाई छोट्याइसकेका छन् जुन सम्पादन पछि फ्याँकिन्छन् । त्यस्तो सावधानीका वावजुड, उनीहरूको भिडियो टेप सकिसकेको छ ।

(इटरनल गंगेजका सम्पादकको नोटः शिनइचिले उनीहरूलाई केही समयको लागि कति पैसाको आवश्यकता छ भनेर सोध्नुभयो र आफ्नो पैसाको थैलो खोलेर उनीहरूलाई व्यक्तिगत सहयोग गर्नुभयो ।)

शिनइचिले भन्नुभयो, "मलाई माफ गर्नुस्, तपाईहरूलाई दिइएको सीमित वजेतले गर्दा तपाईहरूलाई धेरै समस्या पऱ्यो तर म पक्का छु कि, हामीले हरेक जनरल च्याप्टरलाई प्रोजेक्टर उपलब्ध गराउनु पर्छ । त्यहाँ अन्य धेरै खर्चहरू पनि हुन सक्छन् भन्ने तपाईले बुझ्नु भएको छ । यसका साथै, सोका गाक्काईको सम्पूर्ण खर्चहरू सदस्यहरूको इमान्दार अपर्णहरूको संकलणबाट हुने भएकोले हामीले सदैव किफायती बचत गर्ने प्रयास गर्नु स्वभाविक हो ।

छिट्टै नै हामीले तपाईहरूको लागि कर्मचारी थप्न सक्छौं, त्यतिन्जेलको लागि कृपया धैर्य गर्नुस् । आफ्नो विवेक र दक्षताको प्रयोग गर्नुस् र तपाईले सक्दो राम्रो गर्नुस् । युवाको सच्चा भावना भनेको चुनौती दिने र खराव परिस्थितीमा पनि तपाईले सक्दो गरेर कार्यको राम्रो प्रतिफल मिल्ने संकल्प लिनु हो । यदि तपाईले सम्पूर्ण अभावहरू - जस्तै कर्मचारी, पैसा, उपकरण, समय - को वावजुड केही साँच्चिकै उत्कृष्ट कार्य उत्पादन गर्न सक्नु भयो भने त्यो काम तपाईको जीवनभर गर्व गर्ने कुरा हुनेछ । त्यहि नै अग्रगामी हो । यदि तपाईले जीवनभर खजाना साँच्न सक्ने गरि राख्न सम्भनाहरू सिर्जना गर्न ध्यान राख्नु हुन्छ भने त्यो पनि रमाईलो हुनेछ ।

आफ्नो स्वास्थ्यको राम्रो ख्याल राख्नुस् । त्यो पनि तपाईले विवेकको प्रयोग गर्नुभएको हो । जब तपाईहरूलाई अब त अति भयो भन्ने महशुस हुन थाल्छ, त्यतिबेला तपाईको सदस्य साथीहरूलाई सोच्नुस् ताकि जब उनीहरूले त्यो भिडियो हेर्नेछन् । उनीहरू कति खुशी र प्रेरित हुनेछन् ।

दर्शकहरूले क्यामेरा पछाडि रहेर काम गरेको व्यक्तिहरूलाई देख्न सक्दैनन् तर तपाईहरूको प्रभाव गहन हुनेछ । हामीले न घरको जग देख्न सक्छौं न त गाडिको इन्धन । न हामीले मान्छेको हृदय देख्न सक्छौं । सम्पूर्ण महत्वपूर्ण कुराहरू, अस्तित्व दिन साथ दिने र कायम रहने कुराहरू लुकेका हुन्छन् ।

जब तपाईले यो भिडियो सकाउनु हुन्छ, तपाईले सोका गाक्काईको इतिहासमा नयाँ पन्ना लेख्नु हुनेछ । हजारौं सदस्यहरू कार्य गर्न प्रेरित हुनेछन् । त्यो सबैको जिम्मेवारी तपाईहरूको काँधमा छ । यसर्थ तपाईले महान लिडरको रूपमा कार्य गरिरहनु भएको छ ।

पछि भिडियो बनाउने विभागलाई छुट्टै विभागको रूपमा स्थापित गर्नेछ र अन्ततः गाक्काई अन्तर्गत शिनाको प्रकाशनको रूपमा स्थापित हुनेछ ।

यसले सोका गाक्काईको बारेमा धेरै भिडियोहरू बनाउनेछ र बुद्धधर्मलाई समाजमा वृहतर रूपमा बुझाउन योगदान पुऱ्याउनेछ । युवा जोशका साथ भविष्यको कोसेनरूफुलाई बोध गर्दै लेखक र समाचार संकलन विभाग दुबैले आफ्नो प्रयासहरूको शुरूवात गर्न थालिसकेका छन् ।

पुरुष वर्गको १५ औं साधारण सभा

अगष्ट १६, २०१४ का दिन काठमाण्डौंको ८ वटा डिष्ट्रिक्ट र पोखराको माच्छापुछ्रे डिष्ट्रिक्ट गरि ५८ उत्सुक पुरूष वर्गका सदस्यहरूको सक्रिय सहभागीताका साथ १५ औं साधारण सभा सम्पन्न भएको थियो ।

उक्त सभामा पुरूष वर्गका लिडरहरूले नेपाल एस.जि.आई. लाई साथ दिन सुनौलो खम्वाको रूपमा साहसीक उत्तराधिकारीहरू हुर्काउनु पर्ने महत्वबारे जोड दिनु भएको थियो । सधैंको भन्दा फरक शैलीमा सम्पन्न भएको पुरूष वर्गको १५ औं साधारण सभामा अन्नपूर्ण र धौलागिरी डिष्ट्रिक्टका सदस्यहरूले जुन मन्टेश्वरी, गोल्फुतार, आमादब्लम, जुगल र हिमचुलीले बागडोल र निलगिरी र कन्चनजंघा डिष्ट्रिक्टले सौगलमा सम्पन्न भएको थियो भने त्यहि दिन पोखराको लेकसाइदमा सम्पन्न भएको थियो ।

सभामा एस.जि.आई. का अध्यक्ष इकेदा सेन्सेइले पठाउनु भएको सन्देश पढेर सुनाइएको थियो जसमा उहाँले तपाईको आफ्नो स्वास्थ्य, परिवार, व्यवसायमा आइपर्ने व्यक्तिगत समस्याहरूसँग जुझ्दै दिनरात तपाईं आफ्नो सदस्य साथीहरूको सुख, समाजको उच्च प्रगतिको लागि पनि उत्तिकै प्रार्थना गरिरहनु भएको छ भन्ने कुरामा मलाई राम्ररी अवगत छ । यस प्रकारका प्रयत्नहरू अगाध करूणाले ओतप्रोत भएका हुन्छन् र निचिरेन दाइशोनिनको भावनासँग सिधा जोडिएको हुन्छ । तपाईहरू सबैको सर्वोच्च मर्यादाको उद्देश्य रहेको छ र तपाईले प्राप्त गर्नु हुने लाभ असिमित र अमापनीय हुनेछ भन्नुभएको थियो ।

पुरूष वर्गलाई समर्पित अध्यक्ष इकेदाको निबन्ध र युवा पुरूष वर्गका सदस्यहरूसंग काम र आस्थाबारे गर्नुभएको संवादको छलफल पनि सभामा गरिएको थियो । श्री नरेश जंग थापाले अध्यक्ष इकेदाको निबन्ध पढेर ज्यादै नै हौसला पाएको कुरा बताउनु भयो जसमा विशेष गरि, इकेदाले "यदि यो गर्न सक्दैन भनेर भन्ने मानिसहरूको कुरा

मैले सुनेभने मैले सधैं भन्छु कि, यो गर्न सकिंदैन भनेर मलाई नभन्नुस् बरू मैले कसरी गर्न सक्छु भनेर भन्नुस् ।" भन्ने कुरा उल्लेख गरिएको छ । श्री ज्ञानी राजा चित्रकारले काम र आस्था दुबै हाम्रो जीवनको अत्यवश्यक तत्व हो । आस्थाको उद्देश्य भनेको मानिसलाई विवेकी बनाउने हो भने कामले हाम्रो वातावरणलाई सहज र सरल पार्दछ ।

पुरूष वर्गका प्रमुख श्री प्रवल किरण मानन्धरले भन्नुभयो, यसपाली स-सानो संख्यामा सभाहरू सम्पन्न भएकोले सदस्यहरू वीच सहृदय सम्बन्ध बन्नुका साथै सबैले एक अर्कोसंग खुलेर छलफलहरू गरेका थिए । सभामा उपस्थीत सबैले यस कुराको बोध गरे फलस्वरूप, नेपाल एस.जि.आई. को कोसेनरूफु अभियानलाई अगाडि बढाउन आ-आफ्नो क्षेत्रबाट सक्दो प्रयास गर्ने संकल्प लिएका थिए । यसका साथै राखिएका सबै संकल्पहरूलाई पूरा गर्न सम्पूर्ण डिष्ट्रिक्टहरूको प्रगती र मूल्याङ्कण विवरण त्रैमाशिक प्रस्तुत गर्नेछौं भनुभयो ।

एस.जि.आई. का जनरल डाइरेक्टर ओङ्ग वोन चाई र एस.एस.ए का पुरूष वर्गका जोन लिडर खो हाउ वी को पनि उपस्थिती साधारण सभामा रहेको थियो । श्री ओङ्गले भन्नुभयो "यदि तपाईंको कुनै समस्या छैन भन्नुको मतलब तपाई इमान्दार र जिम्मेवार हुनुहुन्न । जहाँ चुनौती हुन्छ, त्यहाँ प्रगती हुन्छ । जहाँ चुनौती हुन्छ, त्यहाँ आशा हुन्छ । जहाँ चुनौती हुन्छ, त्यहाँ हर्ष हुन्छ । जहाँ चुनौती हुन्छ, त्यहाँ सुख हुन्छ । जहाँ चुनौती हुन्छ, त्यहाँ विजय हुन्छ । चुनौतीहरू भनेको तपाईंको शरीरको छाँया जस्तै हो यसको विना हामीले प्रगती गर्न सक्दैनौं ।

सोही दिन साँझ, एस.एस.ए का पुरूष वर्गका जोन लिडर खो आउ वी को उपस्थितीमा काठमाण्डौंका सम्पूर्ण पुरूष वर्गका लिडरहरू नेपाल एस.जि.आई. को शान्ति

केन्द्रमा भेला भई काठमाण्डौंको ३ विभिन्न स्थानहरूमा भएको सभाको प्रतिवेदन सुनाएका थिए । यसका साथै उहाँसंग मार्गदर्शन लिएका थिए जसमा उहाँले निचिरेन दाइशोनिनको बुद्धधर्म विशेषगरि कर्म परिवर्तन संग सम्बन्धित छ भन्नुका साथै हामीले सधैं "मलाई थाहा छ, मैले जिल्नेछु" भन्ने भावनाका साथ यस आस्थालाई हर्षका साथ निरन्तरता दिनु पर्छ भन्नुभयो ।

***

निचिरेन दाइशोनिनको लेखहरूको अध्ययनबाट :
विजयको लागि उपदेश

"यासाबुरोलाई जवाफ"

कोसेनरूफुको मार्ग उघार्नका लागि वाक संघर्ष

(म तपाईलाई धार्मिक वादविवादको थालनी यी शब्दहरूबाट गर्न सल्लाह दिन्छुः) "यद्यपी म एकजना निर्बुद्धि साधारण ब्यक्ति भएतापनि, मैले सुनेका उपदेशहरू मध्येबाट, म विशेषगरि सद्धर्मपुण्डरीक सूत्रको दोश्रो खण्डको हरफबाट प्रभावित भए जसमा भनिएको छ, "अब यो त्रिभुवन (सबै नै मेरो प्रभुत्वमा छ .....)" यस सूत्रको हरफले यो जापान देश भनेको शाक्यमुनि बुद्धको प्रभुत्व भएको देश हो ..... दश दिशाका बुद्धहरू मध्ये केवल शाक्यमुनि बुद्धमा मात्र यी तीन सद्गुणहरू रहेको हुन्छ । तसर्थ, यदि जापानभरिका सम्पूर्ण मानिसहरूले अहिले अमिदा बुद्धलाई झैं शाक्यमुनि बुद्धलाई हृदय देखि सेवा गरेतापनि, यदि तिनीहरूले वहाँलाई अन्य बुद्धहरूको सँगसँगै राखेर उही समान ब्यवहार गर्दछन् भने त्यो अझै गम्भीर भूल हुनेछ । (WND - १, ८२७)

***

सम्पूर्ण जापानमा, त्यस प्रकारका घटनाहरू किन घटिराखेको छ भन्ने केवल मलाई मात्र थाहा छ । सर्वप्रथम मैले यस विषयमा आवाज उठाउ कि नउठाउ भनेर विचार गरें । तैंतै मैले के गर्नु पर्ला ? के म सम्पूर्ण मानव जातिको पिता र जननी बुद्धको उपदेशलाई पिठ्युं फर्काउन सक्छु ? चाहे म माथि जे जस्तो बितेतापनि म गर्छु भन्ने अठोट गर्दै, मैले आवाज उठाउन थालें, र यो २० वर्ष भन्दा बढि समयमा मेरो उठिवास भयो, मेरा अनुयायीहरू मारिए र मलाई आहत पुऱ्याए, दुईपटक निर्वाशनमा पठाइयो, र आखिरमा झण्डै मेरो शिर काटिन लागेको थियो । जापानका जनताले महादुःख भोग्नु पर्ने कुरालाई राम्ररी बुझेको हुनाले मैले तिनीहरू प्रति दया महशुस गरेर एक्लैले भएपनि आवाज उठाएँ । यसर्थ मैले भोग्नु परेका यी बाधा अप्ठ्याराहरू भनेको उनीहरूको हितको लागि हो भनेर विचारवान मानिसहरूले महशुस गर्नु पर्दछ । यदि ति मानिसहरूले आफ्नो कर्तब्यवोध गर्ने हो वा तथ्यको अवगत हुने हो भने, मलाई पर्ने दुई मुक्का मध्येमा मेरो सट्टामा एक मुक्का तिनीहरूले थाप्नेछन् । तर यसको विपरित - तिनीहरूले मेरो इर्ष्या गरे, जुन कुरालाई मैले बुझ्न सकिंन । सत्यतालाई नसुनेका अबुझ मानिसहरूले मेरो बास उठाउने वा मेरा अनुयायीहरूको घृणा गरे । यो कुरालाई मैले बोध गर्न नै सकिंन ...

[र कृपया यी हरफहरूसँगै केहि कुरा जोड्नुस् ः] " .... हामीले सुन्यौं कि वहाँ (निचिरेन) ले बारम्बारको दमनको सामना गर्नु पर्दा पनि कहिल्यै हार मान्नु भएन र यसको बाबजुद वहाँ अझ बढि दृढ हुनुभयो ।" *(WND -१, ८२८)*

***

तपाई दृढतामा अटल हुनु पर्दछ । तपाईको विर्ताको लोभ नगर्नुस् , श्रीमती र बच्चाहरूको विषयमा नसोच्नुस् र अरूमा निर्भर नहुनुस् । तपाई आफ्नो मनलाई एकाग्रचित्त बनाउनुस् । यस वर्ष संसारलाई ऐनाको रूपमा हेर्नुस् । जब अरूहरू धेरैको मृत्यु हुंदा तपाई आजसम्म बाँच्नु भनेको तपाईले यस घटनाको सामना गर्नु थियो । यो जहाँ तपाई उजी खोला तर्नु हुन्छ । यो जहाँ तपाई सेता तर्नु हुन्छ । तपाईले सम्मान हासिल गर्नु हुन्छ कि आफ्नो नाम बेइज्जत गर्नु हुन्छ भन्ने कुराको निधो यसले गर्नेछ । यसको अर्थ भनेको मानव भएर जन्मिनु र सद्धर्मपुण्डरीक सूत्रलाई विश्वास गर्नु भनेको कठीन छ भन्ने हो । तपाईले लक्षित भएर प्रार्थना गर्नु पर्दछ ताकि शाक्यमुनि, प्रभुत्तरत्न, र दश दिशाका बुद्धहरू भेला भएर तपाईलाई सहयोग गर्न तपाईको शरीर भित्र प्रवेश गर्नेछन् । यदि तपाई न्यवस्थापकको अगाडि हाजिर हुने आदेश दिएमा, तपाईले सर्वप्रथम यसलाई विस्तृतमा न्याख्या गर्नुस् । *(WND -१, ८२९)*

अक्टोवर १७, १९५७ मा - यस महिना (अक्टोवर २०१२) भन्दा ५५ वर्ष अगाडि - ओशाका काण्ड नाम दिइएको पहिलो चरणको सुनुवाईको सन्दर्भमा अदालतमा उपस्थित हुन म ओशाका गएको थिए । त्यस वर्षको जुलाईमा, मलाई निर्वाचनको नियम भङ्ग गरेको झुठो आरोप लगाइएको थियो जसको लागि मलाई गिरफ्तार गरि सोधपुछको लागि राखिएको थियो । मैले कुनै अपराध नगरेको भएता पनि, ओशाकाको जिल्ला सार्वजनिक हितको लागि फौजदारी मुद्दा चलाउने कानुनी अधिकारीले अभियोग लगाउने निधो गरे । मेरो निर्दोषिता प्रमाणित गर्ने र सत्य तथ्य अगाडि ल्याउन अधिकारीको राक्षसी प्रकृति विरूद्ध लड्दै जाने कार्य, अदालतमा मेरो संघर्ष, अब थालनी हुन लागेको थियो ।

मुद्दाले अझ लामो समय लिने अनुमान गरिएको हुनाले, सम्भवत मैले पहिले भन्दा बढि ओशाकामा भ्रमण गर्नु पर्ने थियो । तसर्थ, त्यो दिन, मेरो श्रीमती मसँगै आइन् र हामी दुबैले सदस्य साथीहरूलाई उनीहरूको साथको लागि धन्यवाद दिन सक्यौं । हामी साँझपख पुगेर चारवटा घर भ्रमण गऱ्यौं ।

भोलीपल्ट, अक्टोबर १८ मा पहिलो सुनुवाई थियो । यो अदालतको मुद्दा जुन चार वर्ष भन्दा बढि सम्म हुने थियो, सम्पूर्ण आरोप झुठा सावित हुनुका साथै जनवरी १९६२ मा कुनैमा संलग्नता नभएको फैसला भयो ।

१८ तारिखको साँझ, म कोवे (ओशाकाबाट छोटो दुरीमा रहेको) मा गएँ । त्यहाँ हाम्रा फूर्तिला सदस्यहरूलाई देखेर अझ आफूले सक्दो संघर्ष गर्ने मेरो आत्मविश्वास अझ झन् बलियो बन्यो । मैले त्यतिबेला मेरो डायरीमा लेखें ः "अन्तत संघर्षको थालनी भयो । आस्थामा अघि

बढ्ने अहिले नै यो अवसर हो भन्ने बुझ ! मेरा साथीहरू ! दृढताका साथ अर्को विजय तर्फ अघि बढ्नुस् ! म पनि संघर्ष गर्नेछु !"

त्यसबेला, सोका गाक्काईको जापान भरि विशेष गरि कान्साइमा, बृहत्तर विकास भइरहेको थियो । "रोगी र गरिब मानिसहरूको भेला" भनेर हाम्रो खिसी उडाउने र नराम्रा कुरा गर्ने गरेतापनि यसलाई हामीले सम्मानको परिचायक चिन्हको रूपमा लियौं । दाइशोनिनको बुद्धधर्मले हामीलाई दुःखीहरूकोमा पुग्न र उनीहरूलाई मूल्यवान जीवन विताउनको लागि आशा र साहस दिन सिकाएकोमा हामी गर्व गर्दछौं, यसैकारण यो मानवताको हित गर्ने सक्षम दर्शन थियो । पृथ्वीका बोधिसत्वको कुलिन उद्देश्य मनमा लिएर, हामी सक्रिय भई अरूहरूकोमा पुग्यौं, उनीहरूको सहि मूल्य र क्षमतालाई उजागर गर्न प्रत्येक एक एकजनासँग मन देखि मन सम्मको संवाद गर्न तल्लिन भयौं ।

इतिहास भरि दुःख र अत्याचारको वोजले थिचिएकाहरू, सुन्दर समाज निर्माण गर्ने अभिनेताका रूपमा आवाज उठाउन र कार्य गर्न, अदम्य आशाका साथ उभिन मानिसहरूको उथ्थानको लागि, मानव अधिकारको अनेकन प्रयासहरू भए । जापानमा स्थापित भएका शक्तिहरूले सोका गाक्काईका रूपमा पैदा भएको उदाउँदो शक्ति माथि द्वेष र त्रासले प्रतिक्रिया देखाए भने यसलाई दबाउने प्रयास गरे । तर निचिरे्न दाइशोनिनको बुद्धधर्मको भावना भनेको त्यस प्रकारको चुनौतीहरूलाई "सिंहराजको शक्ति" का साथ डटेर सामना गर्नु हो ।

निचिरेन दाइशोनिनले आफ्ना अनुयायीहरूलाई भूमीको शान्तिको लागि सहि उपदेशको स्थापनार्थ निर्धक्कका साथ उहाँसँग एकतामा बाँधिन हुन आब्हान गर्नु भयो जुन कार्य साहसिक संवादको माध्यमद्वारा हासिल हुन्छ। उहाँले बुद्धधर्मको सत्यतालाई संचार गर्ने यस गुरू र शिष्यको संघर्ष नै कोसेनरूफुको मार्ग उघार्नको लागि एउटा गतिशिल शक्ति हो भन्ने सिकाउनु भयो । यस प्रयत्नमा विजय तर्फको अनन्त र अपरिवर्तनीय मार्ग, हामीले दाइशोनिनले देखाउनु भएको उही उत्साह र उहाँले सिकाउनु भए झैं गरिने कार्य र उठाउने आवाजमा पाइन्छ ।

यस खण्डमा, हामीले "यासाबुरोलाई जवाफ" को अध्ययन गर्नेछौं जसमा दाइशोनिनले आफ्नो एकजना अनुयायीहलाई आफूले जस्तै सत्यको घोषणा गर्न आग्रह गर्नु हुन्छ ।

(म तपाईंलाई धार्मिक वादविवादको थालनी यी शब्दहरूबाट गर्न सल्लाह दिन्छुः) "यद्यपी म एकजना निर्बुद्धि साधारण व्यक्ति भएतापनि, मैले सुनेका उपदेशहरू मध्येबाट, म विशेषगरि सद्धर्मपुण्डरीक सूत्रको दोश्रो खण्डको हरफबाट प्रभावित भए जसमा भनिएको छ, "अब यो त्रिभुवन (सबै नै मेरो प्रभुत्वमा छ .....)" यस सूत्रको हरफले यो जापान देश भनेको शाक्यमुनि बुद्धको प्रभुत्व भएको देश हो ..... दश दिशाका बुद्धहरू मध्ये केवल शाक्यमुनि बुद्धमा मात्र यी तीन सद्गुणहरू रहेको हुन्छ । तसर्थ, यदि जापानभरिका सम्पूर्ण मानिसहरूले अहिले अमिदा बुद्धलाई झैं शाक्यमुनि बुद्धलाई हृदय देखि सेवा गरेतापनि, यदि तिनीहरूले वहाँलाई अन्य बुद्धहरूको सँगसँगै राखेर उही समान व्यवहार गर्दछन् भने त्यो अझै गम्भीर भूल हुनेछ । (WND - १, ८२७)

शिष्यको विकासको लागि प्रार्थना गर्दै

यस चिट्ठी प्राप्त गर्नु हुने यासाबुरो निचिरेनका अनुयायीहरू मध्ये एकजना हुनुहुन्थ्यो भन्ने वाहेक अरू खासै उहाँको विषयमा थाहा भएको छैन । चिट्ठीको अन्ततिरको हरफमा सैनिक युद्धको सन्दर्भ जोड्नुले यासाबुरो एकजना सामुराई हुन सकिन्छ ।

दाइशोनिनको शब्दमा, यासाबुरो केहि कारणले अमिदा बुद्धलाई प्रार्थना गर्ने सुखावती भुवन (नेम्बुचु) का पुजारीसँग धार्मिक वादविवादमा संलग्न हुदै थियो । सम्भवतः यासाबुरोले मिनोबु पर्वतमा रहिरहनु भएको दाइशोनिनलाई यस सम्बन्धिको जानकारी दिनु भएर आफूले के बोल्ने र वादविवादमा आफूलाई कसरी सामेल हुने भन्ने सम्बन्धमा वहाँको सुझावको अपेक्षा गरेको हुनु पर्दछ । यो पत्र भनेको दाइशोनिनको प्रतिक्रिया हो । दाइशोनिनले पनि सुनियोजित वादविवादले यासाबुरोलाई ब्यवस्थापकको अगाडि घुंडा टेक्न लगाएर सफाई दिन लगाउन सक्ने विचार गर्नु भएको थियो । *(WND - १, ८२६)*

"यासाबुरोलाई जवाफ" दाइशोनिनले मिनोबु पर्वतमा आवास गरेको ३ वर्ष पछि अगष्ट १२७७ मा लेखिएको हो जुनबेला वहाँको थुप्रै मूख्य अनुयायीहरू - शिजो किन्गो लगायत, इकेगामी दाजुभाई र नान्जो तोकिमिचु - ले ठूल्ठूला दमनहरूको सामना गरिरहेका थिए ।

यस अघिको खण्डमा अध्ययन गरेको "The Workings of Brahma and Shakra" त्यसै वर्षको अघि मे १२७७ मा लेखिएको थियो । यसमा, दाइशोनिनले आफ्नै वरपरकाबाट विभिन्न प्रकारका दमनहरू खेपिराखेको नान्जो तोकिमिचुलाई विजयी जीवनको नेतृत्व गर्ने सम्बन्धमा मार्गदर्शन दिनु भएको थियो ।

जुन १२७७ मा शिजो किङ्गोलाई वहाँको मालिकले आस्थालाई परित्याग गर्न आदेश दिएको थियो । किङ्गोको डाह गर्ने सहचर सामुराईको झुठा हल्लाबाट मालिक बहकिएका थिए । दाइशोनिन सत्यतालाई स्पष्ट गर्न र मतिभ्रमलाई सुल्झाउन किङ्गोको तर्फबाट अविलम्व "The Letter of Petition from Yorimoto" कोर्नु भयो ।

त्यही महिनामा, दाइशोनिनले सद्धर्मपुण्डरीक सूत्रमा आस्था अंगालेको कारण सताइएको इनाबा-बो नाम गरेको शिष्यको तर्फबाट पनि "Letter to Shimoya" याचिकापत्र लेख्नु भयो ।

दाइशोनिनको धेरै अनुयायीवर्गहरूले भोगिराखेको चुनौतीको समयको अप्ठ्यारो परिस्थितिमा यासाबुरोले खेप्नु परेको चुनौती कुनै नयाँ कुरा थिएन । ति हरेकले भोग्नु परेको संघर्ष भनेको कोसेनरूफुको विकासक्रमबाट तीन बाधा र चार दानवहरू र तीन शक्तिशाली शत्रुहरूको आक्रमणको प्रतिविम्वित रूवरूप नै हो । यसको विकासक्रमबाट, दाइशोनिनको शिष्यहरू वहाँसँगै एक्यबद्ध भई उभिएर अगाडि बढ्नु पर्ने समयको आगमन भएको भन्न सकिन्छ ।

यस पत्रमा, दाइशोनिनले हृदयदेखि एकजना साधारण उपासकलाई हौसला प्रदान गर्नु हुन्छ र उसलाई एकजना सच्चा अनुयायीको रूपमा उभिन र वहाँले जस्तै बुद्धधर्मको लागि साहसिक कार्य गर्न आग्रह गर्नु हुन्छ । यहाँ, दाइशोनिनको दृष्टिको गुरू र चेलाको सम्बन्ध भनेको साझा संघर्षमा एउटा आधार हो भनेर बुझ्न सक्छौं ।

"त्रिभुवन" मा बुद्धको प्रभुत्व

यस पत्रको शुरूवातमा, निचिरेन दाइशोनिनले यासाबुरोलाई वादविवादमा यसो भन्न सुझाव दिनुहुन्छ : "यद्यपी म (यासाबुरो) एकजना निर्बुद्धि साधारण व्यक्ति भएतापनि, मैले सुनेका उपदेशहरू मध्येबाट, म विशेषगरि सद्धर्मपुण्डरीक सूत्रको दोश्रो खण्डको हरफबाट प्रभावित भए जसमा भनिएको छ, "अब यो त्रिभुवन (सबै नै मेरो प्रभुत्वमा छ .....)" *[LSOC 3, 105 (LS3, 69)]" (WND - 1, 827)* ।

यस वाक्याँश "अब यो त्रिभुवन (सबै नै मेरो प्रभुत्वमा छ .....)" सद्धर्मपुण्डरीकको तेश्रो अध्याय औपम्य परिवर्तबाट लिइएको हो । यसको पूरा हरफ यस प्रकार छ :

तर अब यस त्रिभुवन

सबैमा मेरो प्रभुत्व छ,

र यहाँका सम्पूर्ण प्राणीहरू भनेको

मेरा सन्तानहरू हुन् ।

अब यस स्थान

थुप्रै पीडा र चुनौतीहरूले घेरिएका छन् ।

केवल म एकजना व्यक्ति हुं जसले

अरूलाई सुरक्षा र जोगाउन सक्छु ।

यस हरफको अर्थ भनेको "यो जापान देश भनेको शाक्यमुनिको प्रभुत्व भएको देश हो" भन्ने व्याख्या गरिसकेपछि, दाइशोनिन उल्लेख गर्नुहुन्छ कि : "सम्पूर्ण देवीदेवताको यथार्थका साथसाथै ..... र सम्पूर्ण मानिस, राष्ट्रको शासक देखि तलरहेकासम्म, वहाँ (शाक्यमुनि) को भुवनमा बास बस्छौं । वहाँ एकजना बुद्ध हुनुहुन्छ जसप्रति हामी तीन कारणहरूले कृतज्ञ हुनु पर्दछ । पहिलो भनेको वहाँ हाम्रो सार्वभौम हो, दोश्रो भनेको वहाँ हाम्रो गुरू हो भने तेश्रो भनेको वहाँ हाम्रो बुबा हो ।" *(WND-1, 827)* त्यसपश्चात दाइशोनिनले ठोकेर भन्नु हुन्छ कि दश दिशाको संसारका सम्पूर्ण बुद्धहरू मध्ये केवल शाक्यमुनिले मात्र यस साह संसारको प्राणी हामीलाई मार्गनिर्देशित गर्ने र ज्ञान दिने उद्देश्य लिनु भएको छ । तसर्थ, यदि जापानभरिका सम्पूर्ण मानिसहरूले अहिले अत्यन्तै प्रख्यात अमिदा बुद्धलाई झैं शाक्यमुनि बुद्धलाई हृदय देखि सेवा गरेतापनि, साह संसारको बुद्ध (शाक्यमुनि) लाई अन्य संसारको बुद्ध (सुखावती भूवनको अमिदा) सँगसँगै राखेर दुबैलाई समान व्यवहार गरेर गम्भीर भूल गरेको कुरा वहाँले औल्याउनु हुन्छ । *(cf. WND - 1, 827)*

यसरी मानिसलाई जरालाई हाँगाविँगा र पात मान्नु अर्थात प्राथमिकलाई सहायक मान्ने गल्ति गर्दै धर्मको निन्दा गर्न र अविछिन्न दुःखको नर्कमा खसाउने गहन दुष्कर्म गराउन लगाएको हो । त्यसर्थ दाइशोनिनले कडाइका साथ घोषणा गर्नु हुन्छ : "तिनीहरू चरित्रवान मानिस समान देखिने कुकर्मीहरू मात्र हुन् । (धर्मको) भयानक निन्दाकर्ताहरू र सम्पूर्ण जम्बुद्विप (पूरा विश्वमा) सुधार्न नसकिने अनास्था भएका मानिसहरू, इकान्तिकाहरू भनेको कुकर्मीहरू मध्येमा सबैभन्दा खराब हुन् ।" *(WND-1, 828)* वहाँ भन्नु हुन्छ, त्यसप्रकारका कुकर्मीहरू भनेको शाक्यमुनिको जीवनावधीमा वहाँको शत्रु भएका देवदत्त जस्तो अत्यन्त दुष्ट भन्दा पनि खराब हुन्छन् ।

दाइशोनिनको चेतावनी भनेको कोही पनि आफ्नो अभिभावक, गुरू र शासक - जसप्रति हामी सदा ऋणी छौं - लाई चिन्न गल्ति गर्नु हुंदैन । आफ्नो सामन्ती मालिक प्रति इमान्दारितापूर्वक समर्पित र मालिकको लागि जीवन नै उत्सर्ग गर्न तयार भएको एकजना सामुराई भनेर हामीले अनुमान गरेको यासाबुरोसँग दाइशोनिनले निसन्देह अनुनाद

पाएको थियो । नेम्बुचु पुजारीसँगको आफ्नो वादविवाद वा न्यवस्थापकको अगाडि हाजिर हुने आदेश हुंदा यदि यासाबुरोले दाइशोनिनको सल्लाह बमोजिम कुरा गरेमा, उसले तिनीहरूले अमिदा बुद्धलाई दिएको सर्वप्रधानत्वको आधारभूत गल्तिलाई स्पष्टसँग खण्डन गर्न सक्नु हुन्छ ।

वास्तविक संसारमा रहेका मानिसहरूको दुःखको समाधान गर्दै

दाइशोनिनले यस पत्रमा नेम्बुचुका उपासकहरूको खण्डनबाट शुरू गर्नुलाई बुद्धको यस संसारमा प्रकट हुनुको उद्देश्यलाई आधारभूत रूपमा पुष्टि गर्न खोजेको प्रयासको रूपमा लिन सकिन्छ । उक्त उद्देश्य भनेको सम्पूर्ण प्राणीलाई दुःखको समाधानको मार्ग देखाउनु नै हो ।

यस दुःखले भरिएको साह संसारमा वहाँको लक्ष्यलाई हासिल गर्नु भनेको अत्यन्त कठीन छ भन्ने बुझेर पनि, शाक्यमुनिले दुःखी सबैलाई बुद्धत्व तर्फ मार्गनिर्देश गर्ने प्रण गर्नु भयो । वहाँको सद्धर्मपुण्डरीक सूत्रको उपदेशले दुःख र न्याकुलताले भरिएको यस संसारलाई यहाँको बासिन्दाको मन र मश्तिष्कमा आधारभूत परिवर्तन महशुस गराएर राम्रा मानिसको आदर्श भूवन बुद्धभूमीमा रूपान्तरण गर्न चाहन्छ । तब, शाक्यमुनिको उद्देश्य भनेको यस साह संसारलाई बुद्धभूमीमा शुद्धीकरण गर्नु हो र "साह संसार आफैमा नै अनन्तसम्म शान्त प्रकाश भूमी (अर्थात बुद्धभूमी)" हो भन्ने सिद्धान्तलाई प्रमाणित गर्नु हो । अनादिकालमा बुद्धत्व प्राप्ति गरिसकेपछि शाक्यमुनि सदा यसै साह संसारमा असिमीत करूणा बोकेर सबै मानिसलाई बोधिज्ञान प्राप्ति गर्नमा सहयोग गरिरहनु भएको छ भनेर सद्धर्मपुण्डरीकमा उल्लेख गरिएको छ । अर्को शब्दमा भन्नु पर्दा, वहाँ जे जस्तो भएतापनि आफ्नो जीवन मानिसहरूको बीचमा जीउने र तिनीहरूको वास्तविक जीवनमा नै साँचो खुशी प्राप्तिको लागि सहयोग गर्ने संकल्प लिनु भयो ।

यसको विपरित, अमिदा बुद्ध (सद्धर्मपुण्डरीक भन्दा अगाडिको सहायक उपदेशको बुद्ध) ले यस अपवित्र भूवनको घृणा गर्न र पूर्ण रूपमा आनन्द हुने सुखावती भूवनमा मृत्यु पछि पूनर्जन्म हुने आकांक्षा राख्न सिकाउँछ । अर्को शब्दमा, वहाँले अपवित्र साहा संसारलाई त्याग्न र अर्कै छुट्टै लोक सुखावती भूवनको कामना गर्न हौसला दिन्छ । यस दृष्टिकोणबाट, यो स्पष्ट हुन्छ कि यस साह संसारसँग अभिन्न सम्बन्ध राख्ने बुद्ध शाक्यमुनिलाई वेवास्ता गर्दै अर्कै छुट्टै संसारको असम्बन्धित बुद्ध माथि श्रद्धा गर्नु भनेको वास्तवमा दाइशोनिनले भन्नु भए झैं "गम्भीर गल्ति" हो जसले सत्यको गलत अर्थ लगाउँछ ।

त्यतिबेलाको स्थापित बौद्ध निकायहरूका पुजारीहरूको विरोध, विवेकशील र समाजका नेतृत्ववर्गका सदस्यहरूको गलत धारणाले असंख्य मानिसहरूलाई बहकाउने कार्यहरू

सद्धर्मपुण्डरीक सूत्रको उपदेशले दुःख र व्याकुलताले भरिएको यस संसारलाई यहाँको बासिन्दाको मन र मश्तिष्कमा आधारभूत परिवर्तन महशुस गराएर राम्रा मानिसको आदर्श भूवन बुद्धभूमीमा रूपान्तरण गर्न चाहन्छ । तब, शाक्यमुनिको उद्देश्य भनेको यस साह संसारलाई बुद्धभूमीमा शुद्धीकरण गर्नु हो र "साह संसार आफैमा नै अनन्तसम्म शान्त प्रकाश भूमी (अर्थात बुद्धभूमी)" हो भन्ने सिद्धान्तलाई प्रमाणित गर्नु हो ।

प्रति दाइशोनिनले कडा आलोचना गर्नु हुन्छ । यसो गरेर, तिनीहरूले साधारण मानिसहरू जसले हितैषी भएर समाजको चलिआएको चलनलाई स्वीकार गर्दछन् र तिनीहरूले अज्ञानतामा सत्यको विरोधमा साथ दिन्छन् ।

युग र समाजको आधार रहेको मानिसको मूल्य प्रणालीको विपरीत भएर अन्ततः तिनीहरूलाई सहारा दिने आध्यात्मिक आधारलाई बिगार्दछन् ।

दाइशोनिनको बेलाको जापान देशमा, समाजको आधार रहेको बुद्धधर्मको उपदेशको गलत अर्थ र दोधारमा पर्नाले त्यहाँ बारम्बार महामारी, भोकमरीका साथ साथै आन्तरिक कलह (फेब्रुवरी बखेडा जस्तो) र विदेशी आक्रमण (मंगोल आक्रमण जस्तो) को रूपमा युद्धहरू देखा परे जसले मानिसलाई दुःख खाडलमा धकेलिदियो ।

सम्पूर्ण जापानमा, त्यस प्रकारका घटनाहरू किन घटिराखेको छ भन्ने केवल मलाई मात्र थाहा छ । सर्वप्रथम मैले यस विषयमा आवाज उठाउ कि नउठाउ भनेर विचार गरें । तैंतै मैले के गर्नु पर्ला ? के म सम्पूर्ण मानव जातिको पिता र जननी बुद्धको उपदेशलाई पिठ्यु फर्काउन सक्छु ? चाहे म माथि जे जस्तो बितेतापनि म गर्छु भन्ने अठोट गर्दै, मैले आवाज उठाउन थालें, र यो २० वर्ष भन्दा बढि समयमा मेरो उठिबास भयो, मेरा अनुयायीहरू मारिए र मलाई आहत पुऱ्याए, दुईपटक निर्वाशनमा पठाइयो, र आखिरमा झण्डै मेरो शिर काटिन लागेको थियो । जापानका जनताले महादुःख भोग्नु पर्ने कुरालाई राम्ररी बुझेको हुनाले मैले तिनीहरू प्रति दया महशुस गरेर एक्लैले भएपनि आवाज उठाएँ ।

"२० वर्ष भन्दा बढिको" एउटा करूणामयी महान संघर्ष

स्थापित बौद्ध निकाय र जतातत्तै रहेका त्यसका अनुयायीहरूले - यस संसारको बुद्ध जसलाई उनीहरूले अत्यधिक कृतज्ञता गर्नु पर्ने - शाक्यमुनिलाई वेवास्ता गर्दै भूल गरिरहेका छन् - यसरी उनीहरूले आफै माथि ठूलो दुःख निम्त्याइरहेका छन् भन्ने कुराको ज्ञान जापान भरिको मानिसहरूमा केवल एकजना दाइशोनिनलाई मात्र थियो । दाइशोनिन यस प्रति जानकार मात्र थिएनन् बरू वहाँ यस तथ्यलाई बुझाउने र गल्तिलाई सच्याउने प्रयासमा सक्रिय रूपमा संलग्न हुनुहुन्थ्यो ।

चिट्ठीको यस खण्डमा, दाइशोनिनले धर्मको प्रचार गर्नमा वहाँको अथक प्रयासहरूको उल्लेख गर्नु हुन्छ । १२५३ मा वहाँको उपदेशको पहिलो पटक घोषणा गरेदेखि, वहाँले कोसेनरूफुको महत्वपूर्ण संघर्षमा गहिरो दृढटा र प्रतिवद्धताका साथ अगाडि बढ्नु भयो । उक्त २० वर्ष भन्दा बढिको अवधिमा, वहाँले कठोर संघर्षको फलस्वरूप आएको जीवन मरणको दमनहरू माथि विजय हासिल गर्नु भयो ।

विशेष गरेर, हामीले यो कुरा स्मरण गर्न आवश्यक छ कि दाइशोनिनले आफू माथि चाहे जे जस्तो अवरोधहरू आएता पनि वहन गर्ने शक्तिशाली अठोटका साथ आफ्नो संघर्षको शुरूवात गर्नु भयो । *(cf. WND - १, ८२८)*

"२० वर्ष भन्दा अझ बढि" भन्ने शब्द, संयोगवश निचिरेन दाइशोनिनको लेखहरूमा झण्डै २० पटक उल्लेख भएको छ । दाइशोनिनले आफू सादोमा निर्वाशित रहँदा वहाँको उपदेश स्थापित भएको २० औं वार्षिकोत्सवको संकेत

गर्नु भयो । म केवल यी शब्दहरूले दुई दशक भन्दा बढि समय देखि सद्धर्मपुण्डरीक सूत्रमा न्याख्या गरिएको श्रापित हुनु, कुरा काट्ने, तरवार र लट्टीबाट आक्रमण हुनु, बारम्बार निर्वाशन हुनु - जस्तो सबै प्रकारको बाधा माथि विजय गर्दै गरेको भन्ने बुझाउँछ ।

दाइशोनिनले किन त्यस प्रकारको भवितब्य कठीन पीडालाई स्वीकार गर्दै वहाँले संघर्षलाई अपनाउनु भयो ? "किनकी मलाई धेरै अघि देखि जापानका मानिसहरूले कठीन दुःखहरूको सामना गर्नु पर्नेछ भन्ने थाहा थियो र उनीहरू प्रति दया महशुस गर्नु नै एउटै कारण हो ।" वहाँ लेख्नु हुन्छ । यो "दया" भनेको अरूको दुःख बाँड्ने चासोको न्यानो भावना हो, यो अरूले भोगेका र गुज्रेका पीडाहरूसँगको समानुभूति र समझदारी हो । "दुःखलाई हटाएर खुशी बाँड्ने" भन्ने वाक्याँशमा भने झैं यसको अर्थ "दुःखलाई हटाउने" हो र यो दाइशोनिनको अगाध करूणाको अभिन्यक्ति हो ।

यसलाई यस्तो पनि भन्न सकिन्छ कि वर्तमानलाई संक्रमित तुल्याएको दुःखलाई मात्र नभई हामीले देख्न सकिने भविष्यमा हुन सक्ने दुःखलाई पनि पूर्णतया हटाउने असिमित चाहाना हो । यसर्थमा महान बाधाहरू र कठीनाईको सामना गर्न तत्पर हुनु र त्यसबाट भयभित नहुनु - यही नै निचिरेन बुद्धधर्मको महान करूणामयी संघर्षको मुटु हो ।

"The Opening of the Eyes" मा दाइशोनिन लेख्नु हुन्छ : "दमनलाई सहन गर्न सक्ने र अरू प्रतिको मेरो करूणाको वैभवताको सम्बन्धमा, (महान गुरूहरू तियनताई र देङ्गयो) वहाँहरू मेरो आदर सहित डराउँनेछन् । (WND -१, २४२) । वहाँमा त्यति धेरै करूणा भएकै कारणले गर्दा, वहाँले निर्भय भएर निरन्तर सत्य उपदेशको घोषणा गर्नु भयो ।

माथि उल्लेखित "The Opening of the Eyes" को हरफलाई उद्धरण गर्दै भन्नु पर्दा, मेरो गुरू, सोका गाक्काईको दोश्रो अध्यक्ष, जोसेइ तोदाले एकचोटी भन्नु भयोः "अरूलाई दाइशोनिनको बुद्धधर्ममा परिचित गराउने प्रयास पनि दृढता र हाम्रो महाकरूणाको प्रकटको रूपमा, साहसका साथ ओतपोत हुनु पर्दछ । जहाँ दृढता हुन्छ, त्यहाँ अथाह साहस हुन्छ ।

यसर्थ मैले भोग्नु परेका यी बाधा अप्ठ्याराहरू भनेको उनीहरूको हितको लागि हो भनेर विचारवान मानिसहरूले महशुस गर्नु पर्दछ । यदि ति मानिसहरूले आफ्नो कर्तब्यबोध गर्ने हो वा तथ्यको अवगत हुने हो भने, मलाई पर्ने दुई मुक्का मध्येमा मेरो सट्टामा एक मुक्का तिनीहरूले थाप्नेछन् । तर यसको विपरित - तिनीहरूले मेरो इर्ष्या गरे, जुन कुरालाई मैले बुझ्न सकिंन । सत्यतालाई नसुनेका अबुझ मानिसहरूले मेरो बास उठाउने वा मेरा अनुयायीहरूको घृणा गरे । यो कुरालाई मैले बोध गर्न नै सकिंन ...

[र कृपया यी हरफहरूसँगै केहि कुरा जोड्नुस् :] " .... हामीले सुन्यौं कि वहाँ (निचिरेन) ले बारम्बारको दमनको सामना गर्नु पर्दा पनि कहिल्यै हार मान्नु भएन र यसको बाबजुद वहाँ अझ बढि दृढ हुनुभयो ।" (WND -१, ८२८)

आफ्नो गुरू प्रति कृतज्ञता बोधका साथ जिउनु

असंख्य दमनहरू भोग्दै, सत्यताको लागि दाइशोनिनले निरन्तर निर्भयका साथ बोल्नु भयो । वहाँले यो मानिसको हितको लागि गर्नु भयो । यो बुद्धधर्मको सारलाई पूनर्बहाली गर्ने संघर्ष पनि थियो । यस खण्डमा, वहाँ भन्नु हुन्छ की "विचारवान मानिस" यस सत्यतालाई देख्न सक्नेले यस यथार्थलाई चिन्न सक्नु पर्दछ की वहाँले उनीहरूको लागि यी दमनहरू झेल्नु भएको हो । वहाँ यो पनि भन्नु हुन्छ किः यदि उनीहरू आफ्नो दायित्वहरूलाई बुझ्ने मान्छे भइदिएको भए वा कारणलाई बुझ्न सक्ने भएका भए, मलाई पर्ने दुई मुक्का मध्ये मेरो बदलामा एक मुक्का उनीहरूले लिने थिए ।" *(WND -१, ८२८)*

यहाँ, उहाँले बौद्ध पुजारीहरूले कसरी व्यवहार गर्नु पर्ने थियो भन्ने बताउँदै हुनुहुन्छ । यसो गर्नु त कता हो कता, तथापि, बुद्धधर्मका स्थापित देखिने पुजारीहरूले दाइशोनिनको संघर्षलाई प्रशंसा गर्न असफल रहनुका साथै तिनीहरूले वहाँ लगायत वहाँको शिष्यहरूलाई दमन गरे । यि झुट्टा पूजारीहरूबाट छक्याइएका र प्रयोग भएकाहरू यसो गर्न तिनीहरूको साथ दिए । यसलाई दाईशोनिनले यसो भन्नु हुन्छ, "ति मानिसहरू, आफ्नो कठोरता बुझ्न नसकेर तिनीहरूले मलाई कठोर भन्ठान्छन् ।" *(WND-१, ८२८)* सद्धर्मपुण्डरीक सूत्रको अपहेलना गर्ने ति विकृत दृष्टिकोण भएकाहरूले यथार्थ सत्यलाई बुझ्न नसकेर त्यसको साटो दाइशोनिनले गलत उपदेशहरूको गरेको सही खण्डनलाई निन्दा गरे । यो (धर्मको अपहेलनाको) विष भित्रसम्म गाडिएर तिनीहरूको दिमागले पहिलाको जस्तो कार्य नगर्ने मामला जस्तै हो । *(LSOC 15, 269[LS16,228)*

यो बुद्धधर्मको सही उपदेशको अपहेलना गर्ने एउटा भयावह कुरा हो । विकृत दृष्टिकोण भएकाहरूको लागि वास्तविक सत्यको घोषणा गर्ने मान्छेको कुरा विकृत लाग्दछ ।

त्यतिबेलाको समाजलाई परिवर्तन गर्न, दाइशोनिनले जीवनको पर्वाह नगरि संघर्षमा लाग्नु भयो । वहाँ एक्लै त्यो भूमिमा संघर्ष गर्न लाग्नु भयो जहाँका सम्पूर्ण जनता आधारभूत अन्धकार र अज्ञानताले ढाकेको थियो । यो कस्तो आश्चर्य । यसबाहेक, वहाँलाई आफ्नो यो वाक संघर्षलाई, अरूले दृढताका साथ सही उपदेशलाई भविष्य तर्फ अगाडि बढाउने कुरामा वहाँ निश्चिन्त हुनुहुन्थ्यो ।

सद्धर्मपुण्डरीक सूत्रको अपहेलना गर्ने ति विकृत दृष्टिकोण भएकाहरूले यथार्थ सत्यलाई बुझ्न नसकेर त्यसको साटो दाइशोनिनले गलत उपदेशहरूको गरेको सही खण्डनलाई निन्दा गरे। यो (धर्मको अपहेलनाको) विष भित्रसम्म गाडिएर तिनीहरूको दिमागले पहिलाको जस्तो कार्य नगर्ने मामला जस्तै हो। *(LSOC 15, 269[LS16,228)*

गुरूको साथमा संघर्ष गर्न कतिबद्ध चेलाहरूको प्रादुर्भाव

सही जीवन जीउनु र अझ उत्कृष्ट र अर्थपूर्ण जीवन विताउनको लागि हामीलाई एउटा नमूना र सही सिद्धान्तहरू आवश्यक हुन्छ । सुखको दिशा तर्फ जीवनलाई दोऱ्याउनको लागि हामीमा आशा चाहिन्छ । अनि त्यसो गर्नको लागि, बाधाहरूको सामना गर्ने साहस हुनु अपरिहार्य छ । बुद्धधर्ममा, गुरूहरूले स्वयंको यस्तो उदाहरणद्वारा यी कुराहरू हामीलाई सिकाउनु हुन्छ । गुरूलाई पाउनु भन्दा ठूलो सुख अरू केहि छैन । गुरूको साथमा अगाडि बढ्न पाउनु भन्दा उत्कृष्ट सम्मान अरू केहि छैन र आफ्नो गुरू प्रति कृतज्ञ हुनु भनेको सही जीवनलाई अगाडि दोऱ्याउनुको लागि साँचो हो ।

चेलाहरूको लागि आफ्नो गुरू प्रति कृतज्ञ हुनु र धर्म प्रचारको लागि वहाँहरूको साथमा संघर्ष गर्नु महत्वपूर्ण छ ।

म यहाँ अझै पुष्टि गर्न चाहन्छु कि सद्धर्मपुण्डरीक सूत्रले कसरी चेलाको जीवनमा महान रूपान्तरण हुन्छ भन्ने सिकाउँछ - उनीहरूको गुरू (बुद्ध) बाट बोधिज्ञानको खोजी गर्ने चेलाहरूबाट गुरूको जस्तै अरूलाई बोधिज्ञान तर्फ दोऱ्याउने उही प्रण र प्रतिबद्धता बोकेको चेला हुनेछ । अर्को शब्दमा, सम्पूर्ण मानिसले बोधिज्ञान हासिल गर्न मद्दत गर्ने सद्धर्मपुण्डरीकको दृष्टिकोण तब मात्र सम्पन्न हुन्छ जब गुरूको जस्तै उही भावनाका साथ संघर्ष गर्नका लागि चेलाहरूको प्रादुर्भाव हुन्छ ।

मलाई लाग्छ यस पत्रले दाइशोनिनको आशा जुन वहाँको शिष्यहरू स्वयं साहसका साथ कोसेनरूफुको समर्थकका रूपमा उभिन्छन् भन्ने कुरालाई व्यक्त गर्दछ । यसका साथै, जबसम्म वहाँका यि शिष्यहरूले आस्थाको यस आत्मनिर्भर भावनालाई अंगाल्दैनन् भने तिनीहरूले विविध बाधाहरूसँग जुझ्न सक्दैनन् जुन उनीहरूका अगाडि ओइरिनेछन् । मेरो लागि, दाइशोनिनका शब्दहरूले जोशिलो आव्हान संचार गर्दछ : "मेरा शिष्यहरू, मैले जस्तै आफैलाई टक्कर दिनु ! आफ्नो खुटामा आफै उभिनु र जित्नु !"

म पनि श्री तोदाको कोसेनरूफुको लक्ष्यलाई हासिल गर्न मजबुत अठोटका साथ उभिए । युवावस्था देखि, मैले दाइशोनिनको शब्दहरू, "यदि उनीहरूले आफ्नो दायित्वहरूलाई बुझ्ने मान्छे भइदिएको भए वा कारणलाई बुझ्न सक्ने भएका भए, मलाई पर्ने दुई मुक्का मध्ये मेरो बदलामा एक मुक्का उनीहरूले लिने थिए ।" (WND - १, ८२८) लाई अभ्यासमा उतारे । श्री तोदासँगै वहाँको घरमा यसलाई पढेको अझै सम्झना छ । श्री तोदालाई संरक्षण गर्न, हरेक दमनको आघातलाई बेहोर्न, आक्रमणको पंत्तिमा आफूलाई उभ्याएर म आफू संधै तयार रहन्थे, । ओशाका घटनाको दौरानमा पनि, अधिकारीहरूले श्री तोदा माथि औंला ठड्याउन नडिनका लागि मैले निरपेक्ष अठोटका साथ लडे ।

यस खण्डको अन्तमा, दाइशोनिन यासाबुरोलाई आफ्नो गुरूको सम्बन्धमा यसो भन्नुस् भनेर भन्नु हुन्छ : बारम्बारको दमनका बाबजुद पनि वहाँ कहिले पछाडी हट्नु भएन, बरू यसको साटो वहाँ अझ बढि दृढ बन्नु भएको हामीले सुन्छौं ।" (WND -1, 828)

कुनै पनि समयमा, गुरूको जस्तै अदम्य साहसलाई आफ्नो मनमा बालेर सत्य र न्यायका लगि निर्भयका सा निरन्तर आवाज उठाउनु महत्वपूर्ण छ ।

तपाई दृढतामा अटल हुनु पर्दछ । तपाईको वित्तको लोभ नगर्नुस् , श्रीमती र बच्चाहरूको विषयमा नसोच्नुस् र अरूमा निर्भर नहुनुस् । तपाई आफ्नो मनलाई एकाग्रचित्त बनाउनुस् । यस वर्ष संसारलाई ऐनाको रूपमा हेर्नुस् । जब अरूहरू धेरैको मृत्यु हुंदा तपाई आजसम्म बाँच्नु भनेको तपाईले यस घटनाको सामना गर्नु थियो । यो जहाँ तपाई उजी खोला तर्नु हुन्छ । यो जहाँ तपाई सेता तर्नु हुन्छ । तपाईले सम्मान हासिल गर्नु हुन्छ कि आफ्नो नाम बेइज्जत गर्नु हुन्छ भन्ने कुराको निधो यसले गर्नेछ । यसको अर्थ भनेको मानव भएर जन्मिनु र सद्धर्मपुण्डरीक सूत्रलाई विश्वास गर्नु भनेको कठीन छ भन्ने हो । तपाईले लक्षित भएर प्रार्थना गर्नु पर्दछ ताकि शाक्यमुनि, प्रभुत्तरत्न, र दश दिशाका बुद्धहरू भेला भएर तपाईलाई सहयोग गर्न तपाईको शरीर भित्र प्रवेश गर्नेछन् । यदि तपाई व्यवस्थापकको अगाडि हाजिर हुने आदेश दिएमा, तपाईले सर्वप्रथम यसलाई विस्तृतमा व्याख्या गर्नुस् । *(WND -१, ८२९)*

"तपाई केवल आफ्नो मनलाई एकाग्रचित्त गर्नु"

यस पश्चात दाइशोनिनले यासाबुरोलाई बादविवाद गर्न लाग्नु भएको नेम्बुचुका पूजारीहरूको प्रतिक्रियालाई कसरी खण्डन गर्ने भन्ने सम्बन्धमा अत्यन्त विस्तृत र ठोस सल्लाह दिनु हुन्छ । वहाँले यासाबुरोलाई अन्ततोगत्वासम्म पूजारीलाई उसको मिथ्या दृष्टिकोणमा जोड दिंदै बुद्धधर्मको संसारमा गलतको खण्डनको निरन्तर भावना हो भन्ने सिकाउनु हुन्छ । यसप्रकार, दाइशोनिनले वहाँले आफ्नो शिष्यको रूपमा यासाबुरोलाई कोसेनरूफुको वाक युद्धमा र अवश्य नै देखापर्ने ३ बाधा र ४ राक्षससँगको संघर्षमा जुझ्दा उसमा हुनुपर्ने प्रवृत्तिमा जोड दिनु हुन्छ । सुस्त प्रवृत्ति र कमजोर प्रतिवद्धताबाट कोसेनरूफुको कठिन संघर्षमा विजयी हुन सक्दैन ।

दाइशोनिनको आदेशानुसार, "तपाई दृढ निश्चयी हुनु नै पर्छ ।" *(WND-1, 829)* हामी हरेक संघर्षको शुरूवात दाइमोकु प्रार्थनाबाट गर्नु पर्दछ, मजबुत तयारी र कर्म गर्ने - परिपूर्ण विजय हासिल तर्फ निर्देशित हुनु पर्दछ - र हामी सम्पूर्ण शंका, भय र हेलचक्र्याइबाट मुक्त हुनु पर्दछ । हामीले "मनलाई एकाग्रचित्त राख्नु" महत्वपूर्ण छ । दाइशोनिनले भन्नु भए जस्तै । हामीले पराजित नहुने संकल्प लिनु नै पर्दछ ।

बुद्धधर्मको महत्वपूर्ण संघर्षमा - कोसेनरूफुको वाक युद्धमा संलग्न हुने, तनको प्रयोग गर्ने, हाम्रो बोली र बुद्धधर्मको सही उपदेशलाई उत्थान गर्ने हाम्रो कार्य, हाम्रो गुरूको निष्ठालाई बताउने - कार्यमा संलग्न हुन पाउनु भन्दा महान गर्वको श्रोत अरू केहि हुदैन ।

दाइशोनिन भन्नु हुन्छ, "तपाई अहिले सम्म बाँच्नु जबकि धेरैजना वितिसके भन्नुको अर्थ तपाई यस बाधालाई सामना गर्नु थियो" *(WND -1, 829)* बुद्धधर्मको पछिल्लो युगमा यस अद्भूत धर्मलाई अंगाल्न पाउनु र एस.जि.आई. सदस्यका रूपमा विश्वब्यापी कोसेनरूफुको पथमा सँगै हिड्न पाउनु, गुरू र शिष्यको साझा संघर्षमा एक्यबद्ध हुनु, यो आफैमा एउटा सर्वोत्कृष्ट सम्मान हो । यो एउटा भव्य, सुनौलो जीवन हो ।

श्री तोदा भन्नु हुन्छ : "जब यस दुःखमय संसारमा जीवन कठीन हुन्छ, हामीले आफैंलाई सोध्न बाध्य हुन्छौं कि हामी किन जन्मियौं । यो हाम्रो पूर्व जीवन देखिको कर्मको कारण हो कि दाइशोनिनको आज्ञाको प्रतिक्रिया अनुरूप कोसेनरूफुको उद्देश्य पूर्ति गर्न हामी यस संसारमा जन्मिएका हौं । सबैकुरा भनेको हामी यो प्रति सचेत हुनु वा अनभिज्ञ हुनुमा निर्भर गर्दछ ।

जीवनको लामो बाटोमा, जब तपाईलै संघर्षको सामना गर्नुहुन्छ जुन तपाईलाई महत्वपूर्ण र मूख्य महशुस हुन्छ, तपाईलै अनुभव गर्नु हुनेछ कि, "तपाई अहिले सम्म बाँच्नु ..... बाधालाई सामना गर्नु थियो" । मेरो गुरू र मेरा सदस्य साथीहरूसँगै मैले मेरो जीवनमा त्यसप्रकारका थुप्रै संघर्षहरूलाई भोगे जसले मलाई "म अहिलेसम्म बाँच्नुको कारण" थियो भन्ने मैले सोचे । मलाई लाग्छ तपाईहरू पनि धेरैले जीवनमा यस्तै अनुभव गर्नुभएको हुनु पर्दछ ।

जीवनको लामो बाटोमा, जब तपाईंले संघर्षको सामना गर्नुहुन्छ जुन तपाईंलाई महत्वपूर्ण र मूख्य महशुस हुन्छ, तपाईंले अनुभव गर्नु हुनेछ कि, "तपाईं अहिले सम्म बाँच्नु. बाधालाई सामना गर्नु थियो"। मेरो गुरु र मेरा सदस्य साथीहरुसँगै मैले मेरो जीवनमा त्यसप्रकारका थुप्रै संघर्षहरुलाई भोगे जसले मलाई "म अहिलेसम्म बाँच्नुको कारण" थियो भन्ने मैले सोचे।

दाइशोनिनले यासाबुरोलाई एकजना योद्धाको लागि युद्ध एउटा मान र प्रतिष्ठा कमाउने अवसर भैं उहाँले भाग लिन लागेको अबको वादविवाद भनेको कोसेनरूफुको वाक संघर्षमा अजम्वरी सम्मान जित्ने अवसर भएको कुरा बताउनु हन्छ ।

दाइशोनिनले उजी र सेतामा भएको युद्धको उदाहरण प्रस्तुत गर्नुहुन्छ । यि दुबै स्थान क्योटोको प्राचीन शहरमा आक्रमण गर्नको लागि रणकौशल विन्दु थियो । थुप्रै महान जर्नेलहरूले त्यस नाजुक रक्षा रेखा पार गर्न आफ्नो जीवनको जोखिम मोलेर आफ्नो नाम राखे । मैले यस हरफलाई सबैले असम्भव भनेर सोचेको अन्तत हामीले प्रभावपूर्ण विजय हासिल गर्न सकेको हाम्रो १९५६ को ओशाका अभियानको अभूतपूर्व संघर्षको दौरानमा खान्साईका सदस्यहरूसँग अध्ययन गरे ।

जब हामी बसिरहेको अहिलेको स्थान र समय नै हाम्रो आफ्नै कर्म परिवर्तन गर्नको लागि निर्णायक अवसर र कोसेनरूफुमा नयाँ आयामका लागि महत्वपूर्ण युद्धभूमी हो भन्ने दृढताका साथ प्रार्थना र कर्म गर्दछौं भने विजयको ढोका उघारिने छ । महत्वपूर्ण कुरा भनेको ठूला चुनौतीहरूलाई महान सकारात्मक परिवर्तनका लागि अवसरको रूपमा हेर्नु हो र हर्षका साथ परिस्थितिलाई सम्हाल्नु हो । यही नै वास्तवमा विजेताको चिनारी हो र एकजना सही विवेकशील मानिसको जीवनशैली हो ।

विजय हासिल गर्नका लागि दृढताका साथ प्रार्थना गर्नु

यसैगरि, कुनै पनि संघर्षमा शक्तिशाली प्रार्थना र अठोटको महत्व माथि जोड दिन चाहन्छु । दाइशोनिन भन्नु हुन्छः "तपाईंले भित्री हृदय देखि प्रार्थना गर्नु पर्दछ ताकि शाक्यमुनि, प्रभुत्तरत्न र दश दिशाका बुद्धहरू भेला भएर तपाईंको शरीरमा प्रवेश गरेर तपाईंलाई सहयोग गर्नेछन् ।" *(WND-१, ८२९)* । दाइशोनिन भन्नु हुन्छ कि इमान्दार प्रार्थनाले यी असंख्य बुद्धहरूको संरक्षण र सहयोग प्राप्त हुन्छ । यसलाई अर्को शब्दमा के भन्न सकिन्छ भने जब हामी दृढ संकल्पका साथ प्रार्थना गर्दछौं भने हामीमा विद्यमान बुद्धत्वलाई हामीले उजागर गर्न सक्छौं जसले गर्दा हाम्रो जीवन गुँज्ने जीवन-शक्ति र असिमित प्रज्ञाबाट सुशोभित हुन्छ । वहाँले हामीलाई बुद्धत्वको जीवनावस्थाको अक्षय शक्तिलाई ग्रहण गरेर हाम्रो संघर्षमा विजयी हुन भनिरहनु भएको छ ।

स्वभावतः जब दश दिशाका बुद्धहरू "हाम्रो शरीरमा प्रवेश" गर्दछन् भन्नुको अर्थ, स्वर्गका देवीदेवताहरू र बोधिसत्वहरूको लाबालश्कर - ब्रम्हाण्डका संरक्षण शक्तिहरू-ले पनि बाहिरबाट हामीलाई समर्थन र सहयोग गर्न अथक प्रयास गर्दछन् ।

यसप्रकार, दाइशोनिनले वहाँका अनुयायी यासाबुरोलाई लक्षित भएर प्रार्थना गर्न र हृदय देखि आफूलाई समर्पित गराएर कार्य गर्न भन्नुहुन्छ ।

एस.जि.आई. का हामी आस्थामा उही भावना बोकी अगाडि बढिरहेका छौं जसको फलस्वरूप हामीले बुद्धको आर्य हेतुको रक्षकको रूपमा विजयी भयौं ।

हाम्रो लक्षित स्थानमा आस्थाका दौंतरीसँगै प्रयत्न गर्नु

सन् १९५७ अक्टोवर १९ मा, ओशाका घटना सम्बन्धिको पहिलो सुनुवाई पछि मैले (ओशाकाबाट छोटो दूरीमा रहेको) क्योटोको भ्रमण गरे । त्यहाँ मैले मेरो साथमा कडा मेहेनत गरिरहेका सदस्यहरूलाई हौंसला दिए र उजी क्षेत्रको भ्रमण पनि गरें । इतिहासका थुप्रै प्रख्यात युद्ध भएको क्षेत्र, उजी खोलामा बगिरहेको पानीलाई नियाल्दै, मैले उजीमा लडेका निणार्यक युद्ध जस्तै - मेरो व्यक्तिगत नाजुक युद्ध नभई सोका गाक्काईको भविष्य र कोसेनरूफुको भइरहेको विकासको लागि - युद्धको प्रारम्भ भएको महशुस गरें ।

यसलाई अर्को शब्दमा के भन्न सकिन्छ भने जब हामी दृढ संकल्पका साथ प्रार्थना गर्दछौं भने हामीमा विद्यमान बुद्धत्वलाई हामीले उजागर गर्न सक्छौं जसले गर्दा हाम्रो जीवन गुँज्ने जीवन-शक्ति र असिमित प्रज्ञाबाट सुशोभित हुन्छ । वहाँले हामीलाई बुद्धत्वको जीवनावस्थाको अक्षय शक्तिलाई ग्रहण गरेर हाम्रो संघर्षमा विजयी हुन भनिरहनु भएको छ ।

त्यतिबेला, मैले भित्री हृदय देखि निर्णय गरें कि म पराजित नभई बुद्धधर्मको विजयको लागि र संसारलाई मेरो गुरूको महानतालाई बृहत रूपमा बुझाउन सम्पूर्ण बाधा अड्चनहरू माथि सफलता हासिल गर्दै विजयी हुनेछु - र मेरो उक्त उद्देश्यको पथमा यस कडा परीक्षणहरू देखा परे ।

"तपाई चाहे जुनसुकै भूमीमा हुनु भएता पनि, अधिकार, न्याय र सत्यताको लागि मानिस जहाँसुकै लडिरहेको भएता पनि, त्यहाँ तिम्रो साथमा दाई हुनेछ" । यी अगाध शब्दहरू आफ्नो देशको एकीकरण र नयाँ युगको सिर्जना गर्न योङ्ग इटाली संस्था स्थापना गर्नु हुने इटालीका विचारवान र क्रान्तिकारी Giuseppe Mazzini (1805-72) ले दुई दशक भन्दा अघि लेख्नु भएको हो ।

सुक्ष्म देखिने, अधिकार, न्याय र सत्यताको लागि व्यक्तिपरक क्रियाको सकारात्मक मूल्य हुन्छ जसले अन्तत सबैको चासो र सबैलाई प्रभाव पार्दछ । त्यसर्थ यदि तपाई त्यसप्रकारको संघर्षको आफ्नै प्रयासमा लम्कनु हुन्छ भने त्यहाँ अवश्य नै तपाईको हृदय बोकेका मान्छेहरूले तपाईको आंकाक्षालाई बाँड्नेछन्, तपाईसँगै लम्कने मित्रवर्गहरू हुनेछन् । तपाईको विजय भन्नु नित्तान्त तपाईको मात्र नभएर ती सबै दुःखीहरूको हुनेछ ।

मैले भित्री हृदय देखि निर्णय गरें कि म पराजित नभई बुद्धधर्मको विजयको लागि र संसारलाई मेरो गुरूको महानतालाई बृहत रूपमा बुझाउन सम्पूर्ण बाधा अड्चनहरू माथि सफलता हासिल गर्दै विजयी हुनेछु - र मेरो उक्त उद्देश्यको पथमा यस कडा परीक्षणहरू देखा परे ।

बुद्धधर्म भन्नु विजय हुनु हो ।

विश्वभरीका पृथ्वीका बोधिसत्वहरूले जहाँ घेरा लगाउँछन् र साहसपूर्वक अद्भूत धर्मलाई प्रचार गर्न वाक संघर्षको थालनी गर्दछ भने त्यो ठाउँ नै कोसेनरूफुको युद्धभूमी हो ।

जब कोही एकजना उभिन्छ, त्यो ठाउँ बुद्धधर्मको सत्यता प्रमाणित गरिएको उजी वा सेता - उद्देश्यको खजाना भूमी हो ।

यसप्रकार, मेरा प्रिय सदस्यहरू, मेरा युवा उत्तराधिकारीहरू कृपया आज विजयी भएर शुरू गर । तपाई अहिले जहाँ हुनुहुन्छ, त्यहाँ विजय पछि विजय हात पार्नुस् ।

म बाँचुञ्जेल मेरा प्रिय अनुयायीवर्ग, तपाईहरूसँगै कर्मको अदूभूत सम्बन्धहरू बाँड्दै पृथ्वीका एकजना बोधिसत्वका रूपमा लडिरहने अठोट गरेको छु । हामीहरू कोसेनरूफुको महान उद्देश्य सम्पन्न गर्नका लागि इतिहासको यस विशेष समयमा सँगै जन्मिएका हौं ।

अनुवादकः नविन मानन्धर
साभारः VC 05/2013

कमजोरीहरु माथि प्रार्थना गर्दै सफलता हासिल गर्दै जानेछु

सजिना थापा
विद्यार्थी वर्ग

म कक्षा ८ मा सिद्धार्थ बनस्थलीमा अध्ययनरत छुं । म यस निचिरेन दाइशोनिनको बुद्धधर्ममा विगत ४ वर्षदेखि साधनारत छुं । मैले मामा राजन विक्रम थापाको प्रेरणाबाट यस नाम् म्योहो रेंगें क्यो साधना गर्ने सौभाग्य प्राप्त गरेकी हुं । शुरूका दिनहरूमा विना विश्वास प्रार्थना थालनी गरेतापनि, आमाको दुधबाट बालक पोषित भए झैं मेरो जीवनमा, मेरो सोचाइमा आएको परिवर्तनले ममा यसप्रति विश्वास बढ्दै गयो ।

मलाई धेरै मानिसहरूको अगाडि बोल्न निकै डर लाग्थ्यो । कक्षा ७ मा अध्ययनरत हुँदा भएको वक्तित्वकलामा भाग लिने साहस नै भएन । तर मेरो गुरूआमाले भने मेरो नाम लेखिदिनु भएको रहेछ जुन मलाई थाहा नै थिएन । थाहा पाएपछि गुरूआमालाई मेरो नाम किन लेखिदिनु भएको भनेर सोध्ने न हिम्मत भयो न त उहाँप्रति कृतज्ञ नै हुन सकें । एक दुईजनाको अगाडि बोल्न डराउनेले २-३ हजार विधार्थी र सयौं शिक्षक शिक्षिकाको अगाडि कसरी बोल्ने चिन्ता गरेर बसिरहेको थिएँ । थुप्रै साथीहरूको साथ र हौसला लिएर घर पुगेर इमान्दार भएर नाम् म्योहो रेंगें क्यो प्रार्थना गर्न थाले । प्रार्थनाले मलाई हुक्क भएर अभ्यास गर्न हौसला प्रदान गऱ्यो । ऐना अगाडि बसेर धेरै पटक अभ्यास पनि गरें । तब ममा केही आत्मविश्वास बढेको महशुस भयो । स्कुलको गेट भित्र पुगेपछि डरसँगै हुकहुकी पनि बढ्न थाल्यो । मेरो मन काबुमा थिएन । अरूले बोलिरहेको कुरालाई ध्यान नदिई म मेरो अभ्यासमा लागिरहे । स्टेजबाट बोलाईएको मेरो नामले म झस्किएँ । स्टेजमा पाइला टेकेको मात्र थिए, गुञ्जिएको तालीले म झनै आँत्तिए र आँखा चिम्लेर "नाम् म्योहो रेंगें क्यो" प्रार्थना गरें ।

मैले कसैको पनि अनुहार नहेरी आँखा अगाडि रहेको गेटमा हेर्दै म निर्धक्क भई एकचोटी पनि नरोकिकन बोले, जुन मेरा लागि ठूलो सफलता थियो । मैले प्रतियोगितामा कुनै उपाधि नजितेतापनि मेरो कमजोरी माथि जित थियो । धेरैले ताली बजाएर मेरो प्रशंसा गरे जसले गर्दा मैले आत्मविश्वासका साथै खुशी महशुस गर्न सके । त्यो प्रयासले मलाई गर्वको महशुस गरायो । मैले मनमनै गाहोन्जोनलाई धन्यवाद दिए र त्यस दिनदेखि प्रार्थना गर्दा रमाउन थालेको छुं । बुद्धधर्म भनेको नै विजय हुनु हो भन्ने मार्गदर्शनलाई हृदयंगम गर्दै आफ्ना कमजोरीहरू माथि प्रार्थना र त्यसअनुसार कार्य गर्दै सफलता हासिल गर्दै जाने अठोट लिएकी छुं ।

हिजोआज साथीहरूसँग आफूले बुझेका र अनुभव गरेका मीठा र प्रेरणादायी कुराहरू बाँड्ने गरेकी छुं र उनीहरू पनि कुरा सुन्न रूचाउँछन् । चुनौतीलाई जीवनको सफलतातर्फको खुड्कीला बनाएर अघि बढ्ने प्रण गर्दै अरू साथीहरूलाई पनि बाधा अड्चनहरूको सामना गर्दै अगाडि बढ्न हौसला दिन्छु ।

शब्द व्याख्यान

पृथ्वीका बोधिसत्वहरुः नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गर्नुको साथै प्रचार गर्नेहरू। "पृथ्वी" भनेको बुद्ध प्रकृति हो र "बोधिसत्व" भनेको अरूहरूको निम्ति सहयोग गर्न आफ्नो जीवन समर्पित गर्ने व्यक्ति हुन्।

बुद्धः सम्पूर्ण जीवनको सत्य प्रकृतिलाई अनुभूति गर्ने र अरूलाई पनि उस्तै बोधिज्ञान प्राप्त गर्ने तर्फ डोऱ्याउने व्यक्ति हुन्। सम्पूर्ण मानवमा बुद्ध प्रकृति विद्यमान रहेको हुन्छ र विवेक, साहस, करूणा र जीवन-शक्तिको गुणहरूद्वारा चित्रण हुन्छ ।

दाइमोकुः शाब्दिक अर्थमा "शीर्षक" हो। नाम् म्योहो रेङ्गे क्यो को प्रार्थना वा वन्दना गर्ने भन्ने बुझिन्छ।

गोशोः शाब्दिक अर्थमा "महान आदरको उल्लेखनिय लेख": निचिरेन दाइशोनिनको लेखहरू ।

मानव क्रान्तिः एक व्यक्तिको अन्तर्रजीवनमा आएको गहन परिवर्तनले समाज र प्राकृतिक वातावरणलाई नै परिवर्तन गर्न सक्ने प्रभावको धारणा हो ।

इचिनेन सान्जेनः शाब्दिक अर्थमा "एक पलमा तीन हजार संसारमा निहित हुनु ।" बौद्ध विद्वान र पुजारी तियनताइद्वारा प्रतिपादन गरिएको दर्शनशास्त्रीय प्रणाली हो जसले दैनिक जीवन र आधारभूत सत्य वीचको सम्बन्धलाई वर्णन गर्दछ ।

कर्मः आफ्नो जीवनमा गरेका कार्य र त्यसका असरहरूको संकलन जुन जीवनको गहिराइमा रहेको हुन्छ र जसले भविष्यमा अक्सर अदृष्य प्रभावको रूपमा कार्य गर्दछ ।

कोसेनरुफुः शाब्दिक अर्थमा, "वृहत् रूपमा (बुद्धधर्म) लाई फैलाउनु हो ।" निचिरेन दाइशोनिनको बुद्धधर्मको प्रचार-प्रसारद्वारा सम्पूर्ण मानव जातिको सुख र दिगो शान्ति हासिल गर्नु ।

सद्धर्मपुण्डरीक सुत्रः शाक्यमुनि बुद्धको उच्च शिक्षा जसमा शाक्यमुनिले प्रत्यक्ष रूपमा आफ्नो बोधिज्ञान देशना गर्नुभएको छ र उहाँको पहिलेको उपदेश केवल प्रारम्भिक भएको र उपेक्षा गर्नु पर्दछ भनेर घोषण गर्नु भएको छ ।

निचिरेन दाइशोनिन (१२२२-१२८२): मौलिक बुद्ध। बुद्धधर्मको सत्य कारकका संस्थापक जसले अप्रिल २८, १२५३ मा पहिलो चोटी नाम् म्योहो रेङ्गे क्यो को प्रार्थना गर्नुएको थियो ।

सोका गाक्काईः शाब्दिक अर्थमा, "मूल्य सिर्जनाको निम्ति समाज हो ।" निचिरेन दाइशोनिनको बुद्धधर्मको संस्थाको नाम हो ।

दश संसारः हरेक व्यक्तिमा निहित जीवनको दश सम्भाव्य अवस्थाहरू हुन् जसबाट क्षण क्षण्मा उक्त व्यक्ति गुज्रिरहन्छ । तिनीहरू, नर्क, भोक, रीस, पशुत्व, मानवता, स्वर्ग, शिक्षा, बोध, बोधिसत्व र बुद्धत्व हुन्।

गोहोन्जोनः निचिरेन बुद्धधर्ममा समर्पणको वस्तु । यसमा नाम् म्योहो रेङ्गे क्यो को नियम समाविष्ट हुन्छ जसले सम्पूर्ण जीवनमा व्याप्त गर्दछ र सबै मानिसहरूमा विद्यमान बुद्धत्वको जीवनावस्थालाई अभिव्यक्त गर्दछ । गोहोन्जोनलाई नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गर्नाले हामी भित्र विद्यमान बुद्धत्वलाई उजागर गर्न समर्थ हुन्छौं । "गो" भन्नाले "आदर्णीय" र "होन्जोन" भन्नाले "आदरको आधारभूत वस्तु" हो ।

नाम् म्योहो रेङ्गे क्योः निचिरेन बुद्धधर्ममा प्रतिपादित ब्रम्हाण्डको आधारभूत नियम, जसले जीवनको सही पक्षलाई अभिव्यक्त गर्दछ । यसको प्रार्थना गर्नाले मानिसहरूमा विद्यमान बुद्ध प्रकृतिलाई उजागर गर्दछ र यो एस.जि.आई. का सदस्यहरूको प्रमुख साधना हो। यद्यपि, नाम् म्योहो रेङ्गे क्यो को गहिरो अर्थ यसको साधना गरेपछि मात्र प्रकट हुन्छ तर यसको शाब्दीक अर्थः नाम् (समर्पण), बुद्धधर्मको साधना गर्ने कार्य; म्योहो (अद्भूत धर्म), ब्रम्हाण्डको आवश्यक नियम र यसको प्रकट; रेङ्गे (सद्धर्म), कारण र असरको परस्परता; क्यो (बुद्धको उपदेश), सम्पूर्ण गतिविद्धि हुन्।

New Human Revolution Series

Vol 1- Vol 20 ₹ 275 EACH

Human Revolution Series

Vol 1-3	₹ 375
Vol 4-6	₹ 375
Vol 7-8	₹ 375
Vol 9-10	₹ 375
Vol 11-12	₹ 400

Eternal Ganges Press Pvt. Ltd.
E-15, 4th Floor, Hauz Khas Market, Hauz Khas, New Delhi - 110016
Phone: 011-46109201, 011-46109203-09
In case of any queries please write to:
sales@eternalganges.com

[All rates are in Indian Rupees]

HIMALAYAN PEACE SERVICE

प्रकाशनः

हिमालयन पिस सर्भिस